# प्रभाव दैनिक
National Daily

ई-पेपरका लागि

वर्ष १० | अंक १५ | काठमाडौं | सोमबार, २५ वैशाख २०८० | Prabhab National Daily | Monday, May 8, 2023 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-


## आफ्नै गुटको पेलानमा गगन !



- पार्टीबाट नौ-नौ जना मन्त्री सरकारमा सहभागी हुँदा पनि आफ्नो भागमा एक जना पनि नपरेपछि गगनको चेतावनीयुक्त टिप्पणी
- पटक-पटक गुट फेर्दै महामन्त्री बनेका गगन आफ्नै नेतृत्वमा नयाँ गुट बनाउने तयारीमा

■ प्रभाव संवाददाता

**काठमाडौं–** प्रधानमन्त्री पुष्पकमल दाहाल नेतृत्वको सरकारमा कांग्रेसले चौथोपटक आफ्ना नेताहरूलाई मन्त्रिपरिषद्मा पठाएको छ। पछिल्लोपटक आइतबार कांग्रेसले कपिलवस्तु-२ बाट निर्वाचित सुरेन्द्र आचार्यलाई सरकारमा पठाएको हो ।

आचार्यले महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको जिम्मेबारी पाएका छन् । राष्ट्रपति रामचन्द्र पौडेलले शितलनिवासमा आचार्यलाई पद तथा गोपनीयताको शपथ दिलाए । यो मन्त्रालय नेपाल समाजवादी पार्टीका महिन्द्रा राय यादवले सम्हालेकोमा उनलाई खानेपानी मन्त्रालयमा सरुवा गरिएको छ । खानेपानी जनमत पार्टीले छाडेको मन्त्रालय हो ।

### संस्थापनइतरलाई पेलेरै अघि बढ्दै देउवा

सरकारमा मन्त्री पठाउने विषयमा पार्टी सभापति शेरबहादुर देउवा निरंकुश शैलीमा अघि बढेका छन् । सुरुमा दाहाल नेतृत्वको सरकारमा आठ मन्त्रालय पाउने भनिएकोमा देउवाले संस्थापनबाट छ जना पठाउने पक्कापक्की गरे ।

संस्थापनइतरलाई तीन मन्त्रालय माग गर्दा देउवा टस न मस भए । अन्तिम समयमा पनि देउवाले अडिग रहेपछि संस्थापनइतरले नाम नपठाउने निधो गरे ।

चैत १७ गते डा. शेखर कोइराला समूहले नाम नदिएपछि उपसभापति पूर्णबहादुर खड्काको नेतृत्वमा सुरुमा चार जनामात्र सरकारमा सहभागी भए । उपप्रधान तथा रक्षामन्त्रीसहित खड्का सरकारमा सहभागी हुँदा डा. प्रकाशशरण महत अर्थमन्त्री, रमेश रिजाल उद्योगमन्त्री र सीता गुरुङ सहरी विकासमन्त्री बने ।

दोस्रोपटक वैशाख ३ गते कांग्रेसले एनपी साउदलाई परराष्ट्रमन्त्रीका रूपमा सरकारमा पठायो । वैशाख ५ गते प्रधानमन्त्री दाहालले कानुन मन्त्रालयको जिम्मेबारी पनि उपप्रधान तथा रक्षामन्त्री खड्कालाई सुम्पेका थिए । राष्ट्रिय स्वतन्त्र पार्टी सरकारमा आउने डर देखाउँदै देउवाले तेस्रोपटक वैशाख २० गते उपसभापति धनराज गुरुङ, मोहनबहादुर बस्नेत र डिगबहादुर लिम्बूलाई सरकारमा पठायो ।

आइतबार सरकारमा सहभागी भएका आचार्य राष्ट्रपति पौडेलनिकट नेता हुन् ।

### शेखरकै पेलानले गगनको भागमा फुस्सा !

कांग्रेसका महामन्त्री गगन थापा संस्थापनइतरमा प्रभावशाली नेता मानिन्छन् । थापा संसदीय दलको नेतामा पार्टी सभापति देउवासँग भिडेका थिए । यद्यपि, थापाले जित निकाल्न सकेनन् । संसदीय दलको नेतामा भिडेयता गगनले (बाँकी पृष्ठ ३ मा)

## सदनमा दोहोरी, 'फिल्म'को माग



■ जेबी योञ्जन

**काठमाडौं–** आइतबार अपराह्नदेखि सुरु भएको संघीय संसद्को वर्षे अधिवेशनको पहिलो दिन सांसदहरूबीच गरमागरम दोहोरी चल्यो । निर्धारित समय ४ बजेभन्दा १५ मिनेट ढिला गरी सुरु भएको बैठकको सुरुमै नेपाल मजदुर किसान पार्टीका सांसद प्रेम सुवालले आकस्मिक समय लिएर बोल्ने अनुमति मागेका थिए । लगत्तै स्वतन्त्र सांसद अमेरशकुमार सिंहले उभिएर केही भन्न खोज्दै थिए । त्यही बीचमा नेकपा एमालेका सांसद रघुजी पन्तले पनि बोल्नका लागि इसारा गरे सभामुखतिर ।

'माननीय सदस्यहरू दोस्रो अधिवेशनको पहिलो बैठक सुरु भइरहेको छ, यसका केही नियम र पद्धतिहरू छन् यसलाई पूरा गरेपछि बोल्नुहोला, पहिलो बैठक औपचारिक सुरु हुन दिनूस् बाँकी के कसरी चलाउने हो सल्लाह गरेर गरुँला,' बोल्न चाहने सांसद धमाधम उभिन थालेपछि सभामुखले पटक-पटक बैठक सञ्चालनका लागि सहजीकरण गरिदिन सांसदहरूलाई आग्रह गरे ।

> हामी फिल्म हेर्न आतुर छौं । टिकट काटेर बसेका छौं । वाइड बडीको छानबिन गरौं, बाँसबारीको छानबिन गरौं । यती, ओम्नी र लडाकु शिविर काण्डको पनि छानबिन गरौं ।
>
> ■ **पदम गिरी**
> प्रमुख सचेतक, एमाले

> प्रधानमन्त्रीले बोलेका कुराको खिसी टिउरी नगर्नुहोस् । इमानदारीपूर्वक टोपबहादुर रायमाझीलाई ल्याएर कानुनको दायरामा बुझाउनुहोस्, त्यसैमा कल्याण छ ।
>
> ■ **माधव सापकोटा**
> सांसद, माओवादी केन्द्र

सभामुखले उठेका सांसदलाई बसाउन प्रयास गरे । तर, सभामुखको आग्रहलाई बेवास्ता गर्दै केही सांसद उभिरहे । 'संसद्को कारबाही सुरु गरेपछि आफ्नो कुरा राख्नुहोला म बोल्नका लागि समय निर्धारण गर्नेछु,' सभामुखले आग्रह गरे । सांसदहरूको सांकेतिक जुहारी करिब १० मिनेट चलेपछि सभामुखले बैठक प्रारम्भ भएको घोषणा गर्दै अधिवेशन आह्वानसम्बन्धी राष्ट्रपतिबाट प्राप्त पत्र पढेर सुनाए । त्यसपछि बैठकमा लोकतन्त्र र प्रजातन्त्र प्राप्तिका लागि जीवन अर्पण गर्ने ज्ञात अज्ञात शहीदहरूप्रति बैठकले १ मिनेट मौनधारण गरियो ।

त्यसपछि सांसदहरूलाई आकस्मिक समय उपलब्ध गराए । आकस्मिक समयको सुरुमै नेपाल मजदुर किसान पार्टी (नेमकिपा)का सांसद प्रेम सुवालले नेपाली नागरिकलाई भुटानी शरणार्थीको नक्कली परिचयपत्र बनाएर ठगी गरेको प्रकरण उप्काए । 'तत्कालीन गृहमन्त्री रामबहादुर थापाको निर्णयअनुसार शरणार्थी कार्यदल गठन गरियो । एक अर्ब ठगी गर्नेहरू को-को हुन्,' सुवालले प्रश्न गरे, 'भ्रष्टाचारको सबै छानबिन हुनुपर्छ । ८७५ जनासँग ५० लाखसम्म उठाउने को-को हुन् ? यी सबै विषयमा (बाँकी पृष्ठ ५ मा)

### 'दोषी कोही पनि छुट्दैन'

**काठमाडौं (प्रस)–** संसद् बैठकपछि बाहिरिने क्रममा प्रधानमन्त्री पुष्पकमल दाहालले नक्कली भुटानी शरणार्थी प्रकरणका दोषी कोही पनि नछुट्ने र त्यसमा ढुक्क हुन आग्रह गरेका छन् । दाहालले उक्त प्रकरणमा कसैले दबाब दिएर केही पनि नहुने बताए ।

एकातिर एमाले अध्यक्ष केपी शर्मा ओलीले बारम्बार भेट गर्नु र अर्कातिर प्रतिनिधिसभा बैठकमा नक्कली भुटानी शरणार्थी प्रकरणबारे सत्तापक्ष र प्रतिपक्षका सांसदहरूले जोडतोडका साथ बहस गरेपछि प्रधानमन्त्री दाहालको यस्तो अभिव्यक्ति आएको हो ।

उनले भने, 'मैले भनेको छु दोषी कोही बच्न सक्दैन, निर्दोष कोही पनि पर्दैन । सरकारको त्यही जोड छ । आज जसरी विषय उठेको छ, त्यसले अझ सरकारको मनोबल बढाउने काम नै गरेको छ भन्ने मैले ठानेको छु । कसैले त्यहाँ दबाब दिएर केही हुनेवाला छैन ।'


प्रधानमन्त्री दाहालले केही दिनअघि भ्रष्टाचार र ठगीसम्बन्धी फाइलहरू खोल्दै जाने बताएका थिए । लगत्तै अर्बौं ठगी प्रकरण बाहिरिएको हो ।

एमाले अध्यक्ष ओलीले भने पक्राउ परेकाहरूलाई बयान नफेराउन र हस्तक्षेप नगर्न प्रधानमन्त्रीलाई आग्रह गर्दै आएका छन् । उनलाई भने आफ्ना सांसद टोपबहादुरलाई लुकाएको आरोप पनि लाग्दै आएको छ । तर, ओलीले शनिबार नै यसको खण्डन गरिसकेका छन् ।

**सन्दर्भ : वैदेशिक रोजगार**

### आगामी बजेटमा सरकारको प्राथमिकता

## वैदेशिक रोजगारीमा जानेलाई सीपयुक्त बनाइने




■ प्रभाव संवाददाता

**काठमाडौं–** सरकारले आगामी आर्थिक वर्षमा वैदेशिक रोजगारीमा जाने युवाहरूका लागि सीप अभिवृद्धि कार्यक्रम सञ्चालन गर्ने भएको छ। अर्थमन्त्री डा. प्रकाशशरण महतले आइतबार संघीय संसद्मा विनियोजन विधेयक-२०८० का सिद्धान्त र प्राथमिकता प्रस्तुत गर्दै उक्त जानकारी दिएका हुन् । उनले रोजगारीका लागि विदेश जाने नेपाली युवाहरूलाई दक्ष तथा सीपयुक्त बनाउन आवश्यक कार्यक्रम सञ्चालन गर्ने बताए ।

वैदेशिक रोजगारीलाई सुरक्षित, मर्यादित र व्यवस्थित बनाउन सरकारले प्राथमिकता दिने उनको भनाइ छ। वैदेशिक रोजगारीमार्फत हुने विप्रेषण (रेमिटचान्स)लाई सहज र औपचारिक माध्यमबाट मुलुकमा भित्र्याउन सहुलियत दिने विषयलाई प्राथमिकतामा राखिएको उनले जानकारी दिए । 'रेमिटचान्सलाई औपचारिक माध्यमबाट भित्र्याउन सरकारले प्रोत्साहन गर्नेछ,' उनले भने, 'संकटपूर्ण अवस्थामा पनि विप्रेषणकै कारण आर्थिक गतिविधि चलायमान हुन मद्दत पुग्यो ।'

अर्थमन्त्री महतले वैदेशिक रोजगारीमात्र नभई निजी क्षेत्रको संलग्नतामा जनशक्तिको सीप विकास गरी स्वदेशमा नै रोजगारीको अवसर सिर्जना गर्ने बताए। उनले स्वदेशमा औद्योगिक श्रम सम्बन्धलाई व्यवस्थित गर्दै कार्यस्थलमा नै प्रशिक्षण प्रदान गरी थप रोजगारीको सिर्जना गरिने जानकारी दिए ।

### अमेरिका-बेलायत लैजाने प्रलोभनमा साढे ३ करोड ठगी

**काठमाडौं (प्रस)–** वैदेशिक रोजगारीका लागि विकसित मुलुकमा गएर धेरै पैसा कमाउने प्रलोभनमा परी १०० भन्दा बढी व्यक्ति ठगीमा परेको पाइएको छ । अमेरिका, बेलायतलगायतका विभिन्न मुलुकमा रोजगारीका लागि पठाइदिने भन्दै पीडितहरूबाट साढे तीन करोड रूपैयाँभन्दा बढी रकम संकलन गर्ने ठगी गिरोहका सदस्य पक्राउ परेपछि ठगीधन्दा सार्वजनिक भएको हो ।

भक्तपुरको चाँगुनारायण नगरपालिका-६ नगरकोट बस्ने ६८ वर्षीय सीताराम बास्तोलालगायतका समूहको मिलेमतोमा अमेरिका, जर्मनी, बेलायत तथा जापान पठाउने भन्दै ठगी गरेका भेटिएको काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयले जनाएको छ ।

ठगी गर्ने समूहले मासिक चार लाख रूपैयाँभन्दा बढी तलब हुने भनी विश्वास दिलाई प्रतिव्यक्ति ३० लाख खर्च लाग्ने र सम्बन्धित देशहरूमा पुगेपछि प्रतिष्ठित कम्पनीमा काम लगाइदिने लोभ देखाएर ठगी गरेको भेटिएको प्रहरी उपरीक्षक रवीन्द्र रेग्मीले बताए ।

## साउदीमा दूतावासबाटै पुनः श्रम स्वीकृति

**काठमाडौं (प्रस)–** साउदी अरेबियाको रियादस्थित नेपाली दूतावासले पुनः श्रम स्वीकृतिको सेवा दिन सुरु गरेको छ। नेपाली दूतावास रियाद र महावाणिज्यदूतावास जेद्दाले रोजगारीका लागि साउदीमा रहेका नेपाली श्रमिकहरूलाई संयुक्तरूपमा पुनः श्रम स्वीकृति दिन सुरु गरेको हो ।

दूतावासले आइतबार एक विज्ञप्ति जारी गर्दै नेपाल सरकारको निर्णयअनुसार पुनः श्रम स्वीकृति सेवा प्रवाह गर्न थालिएको जनाएको छ । यसअघि कतार र मलेसियास्थित नेपाली दूतावासले पुनः श्रम स्वीकृति दिन सुरु गरिसकेको छ। सरकारले विदेशमा रहेका श्रमिकहरूको सुरक्षा र सहजताको लागि भन्दै गन्तव्य मुलुकबाटै पुनः श्रम स्वीकृति दिने निर्णय गरेको थियो । दूतावासले श्रम स्वीकृति सकिएका वा पुनः श्रम स्वीकृति लिनुपर्ने श्रमिकहरूलाई अनलाइनमार्फत आवेदन दिन आग्रह गरेको छ । अनलाइन आवेदन दिनका लागि सरकारले बनाएको अनलाइन सफ्टवेयर वैदेशिक रोजगार व्यवस्थापन (फेइम्स्) प्रणालीमा आबद्ध हुनुपर्ने दूतावासले जनाएको छ ।

आवेदन दिँदा राहदानीको फोटो, इकामाको फोटो, रि-इन्ट्री भिसा (छुट्टीको कागजात) भएकाले सो भिसाको प्रतिलिपि, बिदा समाप्त हुने अवधि खुलेको कागजात, रि-इन्ट्री भिसा नभएकाले इकामाको म्याद खुलेको निस्सा वा एब्सोरबाट इकामाको म्याद देखिने स्क्रिनसट गरिएको फोटो अपलोड गर्नुपर्नेछ । साथै, सवारी चालकहरूको हकमा साउदीबाट जारी भएको सवारीचालक अनुमतिपत्रको निस्सा अपलोड गर्नुपर्नेछ ।

यसैगरी घरेलु कामदारको रूपमा रहेका व्यक्तिले उल्लिखित कागजातबाहेक कफिलको परिचयपत्र अर्थात् कफिलको आइडी, आफूले पाएको तलब, भत्तालगायतका अन्य सेवा सुविधा खुलेको करार सम्झौता तथा स्वघोषणा फाराम भरेर बुझाउनुपर्नेछ । पुनः श्रम स्वीकृति लिनका लागि श्रमिकले कल्याणकारी कोष, जीवन बिमा र सामाजिक सुरक्षा कोषमा अनिवार्य तोकिएको रकम बुझाएको हुनुपर्ने दूतावासद्वारा जारी सूचनामा उल्लेख छ ।


## प्रेस विज्ञप्ति

नेपाल वैदेशिक रोजगार व्यवसायी संघ जुनसुकै प्रकारका नाममा खडा गरिने एकाधिकाका बिरूद्धमा रहेको सम्पूर्ण व्यवसायीज्यूहरूलाई सर्वविदित नै छ । संघ वैदेशिक रोजगारमा लागू गरिने एकाधिकारको विरोधमा रहेको व्यवहोरा सम्बन्धित सबैलाई पुनःस्मरण गराइन्छ ।

संघले वैदेशिक रोजगार व्यवसायमा लागू हुने एकाधिकारको निरन्तर विरोध गरे तापनि व्यवसायीको आवरणमा रहेका केही व्यक्तिहरूले अहिले मलेसिया, साउदी अरब र युएई मुलुकहरूमा वैदेशिक रोजगारमा कामदार पठाउने सिलसिलामा पूरा गर्नुपर्ने प्रक्रियाहरूमा एकाधिकार लागू गराउन उद्धत रहेको भन्ने कुरा विभिन्न अनलाइन, सामाजिक सञ्जाल र समाचारमा आएकाले कुनै पनि नाम र आवरणमा गर्न लागिएको एकाधिकारप्रति संघको गम्भीर ध्यानाकर्षण भएको छ ।

नेपाल वैदेशिक रोजगार व्यवसायी संघ खुल्ला, पारदर्शी र प्रतिष्पर्धात्मक व्यवसायमा विश्वास गर्ने भएको हुँदा नेपाल सरकारबाट इजाजतपत्रवाला सम्पूर्ण व्यवसायीहरूले व्यवसाय गर्न पाउनु पर्ने मान्यता राख्दछ । खुल्ला प्रतिस्पर्धाबाट डराई एकाधिकार लागू गर्न खोजेका कम्पनीहरूले गैरकानुनी कार्य गर्न लागिपरेको भन्ने जानकारी प्राप्त भएकोले त्यस्ता गैरकानुनी कार्य गर्ने संस्थाहरूलाई कानुनी कारवाही गर्न नेपाल वैदेशिक रोजगार व्यवसायी संघले परराष्ट्र मन्त्रालय, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय र सम्बन्धित सबै निकायमा जोडदार माग गर्दछ । साथै यस्ता एकाधिकारको पक्षमा नलाग्न र गैरकानुनी कार्य नगर्न/नगराउनु हुन सम्पूर्ण व्यवसायीज्यूहरूलाई हार्दिक अनुरोध गर्दछौं ।

**राजेन्द्र भण्डारी**
अध्यक्ष

**नेपाल वैदेशिक रोजगार व्यवसायी संघ**
तिलगंगा, काठमाडौं

# अनुकूल मौसमको पर्खाइमा सगरमाथा आरोही

■ सिबी अधिकारी

**काठमाडौं–** यतिबेला सर्वोच्च शिखर सगरमाथा आरोहणका लागि सयौं संख्यामा यतिबेला प्रतीक्षारत छन् । तर, मौसम अनुकूल नहुँदा आरोहण हुन सकेको छैन ।

सगरमाथा आरोहणका लागि दक्ष कामदार (आइसफल डाक्टर)ले सगरमाथाको चुचुरोसम्म बाटो खुलाएपछि आरोही चुचुरोतिर उक्लिन्छन् । तर, झण्डै दुई सातादेखि सगरमाथाको आधार शिविर र आसपास क्षेत्रमा बसेका आरोहीलाई अझै आरोहण कहिले खुल्ने हो निश्चिन्त हुने अवस्था छैन । आइसफल डाक्टरले सगरमाथाको साउथ कोल (चौथो शिविर)सम्म बाटो बनाइसकेका छन् । उनीहरूले चुचुरोसम्म रोप फिक्सिङ (डोरी टाँग्ने) गरेपछि मात्रै सगरमाथा आरोहण सुरु हुन्छ ।

पश्चिमी र स्थानीय वायुको प्रभावले एक सातादेखि बिग्रिएको मौसम शुक्रबारदेखि क्रमिकरूपमा सुधार आएको छ । दुई दिनदेखि राजधानी काठमाडौंसहित देशभरको आकाश खुलेर चर्को घाम लागेको छ । देशभरको मौसममा सुधार आए पनि आरोहणको संघारमा बिग्रिएको सगरमाथा क्षेत्रको मौसममा अझै सुधार आएको छैन ।

वसन्त ऋतुको सगरमाथा आरोहणका लागि मौसम पूर्वानुमान गरिरहेका एक वरिष्ठ मौसमविद्का अनुसार सगरमाथाको सात हजार ५०० मिटरमाथितिर तीव्र वेगको हावा चलिरहेको छ । उक्त क्षेत्रमा मे ३ तारिखदेखि बिग्रिएको मौसम अझै सुधार आउन नसकेको हो । 'सगरमाथा क्षेत्रमा घाम लागिरहेको छ, तर, सात हजार ५०० मिटरभन्दामाथि तीव्र बेगको हावा चलिरहेकाले माथि जानसक्ने अवस्था नै छैन, वैशाख २६ र २७ गतेसम्म नै यस्तो हावा चलिरहने देखिन्छ,' उनले भने ।

अहिलेको मौसममा सगरमाथा क्षेत्रमा प्रतिघण्टा ४० देखि ५० किलोमिटर हावाको वेग चलेकाले आरोहणमा कठिनाइ भएको हो । आरोही केही सगरमाथा आधार शिविरमा छन् भने केही काठमाडौं फर्किएका छन् । अहिलेको मौसममा आरोहण गर्दा जोखिम हुने भएकाले सबै आरोही अनुकूल मौसमको पर्खाइमा छन् ।

जल तथा मौसम विज्ञान विभाग मौसम पूर्वानुमान शाखाका मौसमविद् रोजन लामिछानेका अनुसार मौसम क्रमिकरूपमा सुधार हुँदै गएको छ । केही दिनका लागि नयाँ मौसमी प्रणाली देखिएको छैन । 'सगरमाथा क्षेत्रमा केही बादल लागेको छ, अपराह्नतिर सगरमाथाको माथिल्लो भेगमा बादल बढेर हल्का वर्षा हुने देखिन्छ,' उनले भने ।

महाशाखाले हरेक दिन साँझ सगरमाथालगायत हिमालको मौसम पूर्वानुमान गर्ने गरेको छ । पछिल्लो विवरणमा सगरमाथा क्षेत्रको मौसममा केही सुधार आइरहेको छ । महाशाखाको लुक्ला स्टेसनबाट समन्वय गरेर मौसम पूर्वानुमान गरिन्छ । महाशाखाले सगरमाथा, अन्नपूर्ण क्षेत्रलगायतमा सरसफाइ अभियानलाई पाँच दिनसम्मको मौसम पूर्वानुमान गरेर पठाइने गरेको मौसमविद् लामिछानेले जानकारी दिए ।



मौसम अनुकूल भइदिएको भए यही वैशाख २१ गते बिहीबार सगरमाथाको चुचुरोसम्म पुग्ने बाटो खुलिसक्थ्यो । पूर्वनिर्धारित तालिकाअनुसार सगरमाथाको चुचुरोसम्म डोरी टाँग्ने (रोप फिक्सिङ) गर्ने योजना रद्द भयो । झण्डै दुई सातादेखि बिग्रिएको मौसमले सगरमाथा आरोहणमासमेत अवरोध पुगेको छ । प्रतिकूल मौसमका कारण आइसफल डाक्टरलाई चुचुरोसम्म पुग्न कठिन भइरहेको सगरमाथाको दोस्रो शिविरमाथिको बाटो बनाउने जिम्मा पाएको इमेजिन नेपाल ट्रेक एण्ड एक्सपिडिसन कम्पनीले जनाएको छ ।

इमाजिन नेपालका कार्यकारी निर्देशक दावा ग्याल्जेन शेर्पाले मौसमले साथ दिएमा वैशाख २९ गते सगरमाथाको चुचुरोसम्म डोरी टाँगेर आरोहण सुरु हुने विश्वास व्यक्त गरे । 'सगरमाथा क्षेत्रको मौसम अझै पूर्णरूपमा सुधार आएको छैन, शुक्रबारको तुलनामाभन्दा आज मौसम राम्रो छ, आशा छ, वैशाख २९ सम्म चुचुरोसममको बाटो खुलाउने योजना साकार हुनेछ,' उनले आइतबार भने । सगरमाथाको दोस्रो शिविरसम्म सगरमाथा प्रदूषण नियन्त्रण समिति (एसपिसिसी)ले बाटो बनाएको थियो । सगरमाथाको साउथ कोलसम्म वैशाख १० गते नै बाटो खुलिसकेको थियो । सगरमाथा आरोहणको ढोका खुलाउने प्रतीक्षामा रहेका आइसफल डाक्टरजस्तै आरोहणको अनुकूल मौसमका लागि नेपाली र विदेशी गरी ४०० भन्दा बढी सगरमाथा आरोही प्रतीक्षारत छन् ।

> झण्डै दुई सातादेखि सगरमाथाको आधार शिविर र आसपास क्षेत्रमा बसेका आरोहीलाई अझै आरोहण कहिले खुल्ने हो निश्चिन्त हुने अवस्था छैन । आइसफल डाक्टरले सगरमाथाको साउथ कोल (चौथो शिविर)सम्म बाटो बनाइसकेका छन् । उनीहरूले चुचुरोसम्म रोप फिक्सिङ (डोरी टाँग्ने) गरेपछि मात्रै सगरमाथा आरोहण सुरू हुन्छ ।

केही आरोहीले आधार शिविरबाट विभिन्न शिविरतिर सामान ओसारिरहेका छन् । आरोहणका लागि सिजनमा विभिन्न कम्पनीले छुट्टाछुट्टै निकायबाट मौसम रिपोर्ट लिन्छन् । 'विन्डी एप,' 'निम्सदाइ स्टोर एप' लगायतबाट मौसम रिपोर्ट लिइने गरिएको छ । विभिन्न मुलुकबाट आएका आरोहीले सम्बन्धित मुलुकबाट मौसमी विवरण लिएर आरोहणमा निस्कन्छन् ।

पर्यटन विभाग पर्वतारोहण शाखाका निर्देशक युवराज खतिवडाले सगरमाथा क्षेत्रमा मौसम क्रमिकरूपमा सुधार हुँदै गएको बताए । उनले भने, 'सगरमाथा क्षेत्रमो मौसम सुधार भइरहेको छ, म आफू पनि आधार शिविर पुगेर आजै फर्किंदै छु । आरोही अनुकूल मौसमको प्रतीक्षामा आधार शिविरमा आराम गरिरहेका छन् ।'

वसन्त ऋतुमा सगरमाथा आरोहण गर्न इतिहासकै सर्वाधिक बढी आरोहीले अनुमति लिएका छन् । पर्यटन विभागका अनुसार ४३ आरोही समूहका ४६६ आरोहीले आरोहण अनुमति लिएका हुन् । जसमा ९८ महिला र ३६८ पुरुष छन् । सगरमाथा आरोहणको ७० वर्षे लामो इतिहासमा यो यामको आरोहणमा सबैभन्दा बढी आरोहीको संख्या हो ।

आरोहणलाई सुरक्षित, व्यवस्थित र मर्यादित बनाउन विभागले सगरमाथा आधार शिविरमा अनुगमन तथा सहजीकरण गर्नका लागि सम्पर्क कार्यालय स्थापना गरेको छ । खिमलाल गौतमको संयोजकत्वमा सम्पर्क अधिकृत, पर्यटन मन्त्रालय, विभाग, नेपाली सेना, नेपाल प्रहरी, हिमालय उद्धार संघ, एसपिसिसी र स्थानीय प्रतिनिधिहरू रहेको समिति सम्पर्क कार्यालयमा रहेर सहजीकरण गरिरहेको विभागले जनाएको छ । *रासस*

## प्रमाणपत्र हराएको सूचना

यहि मिति २०७९/१२/२० गते लोकन्थली, भक्तपुरबाट महाराजगंज, काठमाडौंसम्म जाँदा मेरो निम्न व्यहोरा भएको मूल प्रमाणपत्र, एकेडेमिक ट्रान्सकृप्ट, माइग्रेशन तथा प्रोभिजनल प्रमाणपत्र हराएको हुँदा पाउनुहुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनु हुन अनुरोध गर्दछु ।

**नाम : विपिन खड्का**
**पि.यु.रजिस्ट्रेसन.नं.: २०१७-२-२२-०३०९**
**सिम्बोल.नं.: १७२२०२५५**
**ठेगाना.: काठमाडौ**
**सम्पर्क: ९८५१००२७५३**

## गढी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
कोशी प्रदेश, सुनसरी, नेपाल

**गढी गाउँपालिकावासीमा सूचना**

- हावाहुरी चल्ने समयमा आगो जथाभावी नबालौं । बाल्नुपरे पनि काम सकिनासाथ तुरून्त निभाउने गरौं । सलाई, लाइटरजस्ता वस्तु बच्चाको पहुँचबाट टाढा राखौं । व्यक्तिगत घटना दर्ता (विवाह दर्ता, बसाइँसराइँ, जन्मदर्ता) समयमै गरौं विकास निर्माणको काममा जनसहभागिता जुटाऔं ।
- आफ्नो पालिकाबाट ईजाजत लिएर मात्र घर निर्माण गरौं । आफ्नो पालिकाभित्र सञ्चालन हुने सम्पूर्ण व्यापार, व्यवसाय दर्ता गरेर मात्र सञ्चालन गरौं ।
- भुक्तानी गर्नुपर्ने सबै प्रकारका कर समयमै भुक्तान गरी जरिवानाबाट बचौं । छाडा चौपायालाई नियन्त्रण गरौं । सडकमा नछाडौं ।
- सार्वजनिक सम्पत्ति संरक्षणमा यस पालिकालाई सहयोग गरौं । सार्वजनिक स्थलमा जतातत्तै फोहोरमैला नफालौं ।
- बालश्रमको प्रयोग नगरौं । यस पालिकालाई बालश्रममुक्त बनाऔं । सबै बालबालिकालाई विद्यालय पठाऔं ।

**प्रमुख प्रशासकीय अधिकृत**


## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : BUKIT PASIR NURSERY

पूर्व स्वीकृति मिति २०७९/०९/१७ पुन विज्ञापन स्वीकृति मिति २०८०/०१/२४ LT. No. 278537 चलानी नं. ६०१९४२४६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Garden Worker | 15 | 0 | 1500 | ४४,१८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० जेठ ०१ गते (15th May. 2023) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. ११९७/०७३/०७४

**SWIFT H.R. SOLUTION PVT. LTD.**
Samakhusi-26, Kathmandu, Nepal, Phone: +977-1-4952852, 4964820
Fax: 4352852, E-mail : swifthr12@gmail.com Website : swifthrsolution.com

## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : Al Barakah Kuwait General Trading & Contracting Co ( CROWNE PLAZA /HOLIDAY INN HOTEL )

पूर्व स्वीकृति मिति २०७८/११/१३ पुन विज्ञापन स्वीकृति मिति २०८०/०१/२४ LT. No. 258687 चलानी नं. ६०१७५११९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Commis I | 5 | 5 | 140 | ६०,७५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Commis II | 5 | 10 | 120 | ५२,०७५ | | | | | | | |
| 3 | Housekeping Attendan | 7 | 4 | 100 | ४३,३९५ | | | | | | | |
| 4 | Kitchen Steward. | 11 | 0 | 100 | ४३,३९५ | | | | | | | |
| 5 | Laundry Attendant | 10 | 5 | 100 | ४३,३९५ | | | | | | | |
| 6 | Receptionist / Gsa | 5 | 5 | 200 | ८६,७९० | | | | | | | |
| 7 | Waiter/waitress | 5 | 6 | 120 | ५२,०७५ | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० जेठ ०१ गते (15th May. 2023) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य, लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. ३०१/०५९/०६०

**Supreme Overseas Pvt. Ltd.**
Koteshwor-35, Kathmandu, Nepal.
Phone: +977-1-4610716, 9813327241, 9741877355, 9841359033, 9851107202
Email: supremeovs@yahoo.com, supremeover301@gmail.com,
Web: www.supremeoverseas.com.np

## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : HELIOUS SECURITY SERVICES SDN.BHD. शहर: Selangor पुन विज्ञापन

पूर्व स्वीकृति मिति : २०२३/०३/१६ पुन विज्ञापन स्वीकृति मिति : २०२३/०५/०७ LT. No. 282540 चलानी नं . ६०१९८१७६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 100 | 0 | 1500 | ४४,१८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० जेठ १/२/४ गते (15/16/18th May. 2023) मा हुनेछ भने Siraichuli Hotel (Bharatpur-10,Chitwan) मा मिति: २०८० जेठ ३ गते (17th May. 2023) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि: शुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**SKY POWER INTERNATIONAL SERVICE PVT. LTD.(EVEREST GLOBAL RECRUITMENT SERVICE PVT LTD)**
Sallaghari Marg, Bansbari, Kathmandu
Tel:-+977 4372262, 4375012, Email:-skypower.rec@gmail.com
श्रम ईजाजत नं. १२७५/०७४/७५

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : SAUD ZAID AL OTHMAN CONT.EST.

पूर्व स्वीकृति मिति २०८०/०१/२४ LT. No 285611 चलानी नं. ६०२०१०३५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Trailer Truck Driver | 1 | 0 | 1800 | ६२,७१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० जेठ ०१ गते (15th May. 2023) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. ११७७/०७३/०७४

**Pari Overseas Pvt. Ltd.**
Sinamangal, Kathmandu, Nepal - Tel:-+977-4490447, 4490448
Email:-parioverseas1177@gmail.com, Web:- www.parioverseas.com


## गोलिया काठ बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना

**प्रथम पटक सूचना प्रकाशित मिति :२०८०/०१/२५**

श्री राधाकृष्ण सामुदायिक बन उपभोक्ता समूहको बनबाट उत्पादन भई सामुदायिक बनको भवन अगाडी घाटगद्दी गरी राखिएको खयर जातको गोलिया थान ३१५ को ५५८.७७ क्यू. फि. (स्यापउड सहित) जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । इच्छुक व्यक्ति, संघ सस्था, फर्म वा कम्पनिले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र बोलपत्र खरिद तथा दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धी बिस्तृत जानाकारीको लागि यस सामुदायिक बन उपभोक्ता समूहको कार्यालयमा सम्पर्क राख्न सकिने छ । पूर्ण व्यहोराको सूचना यस सामुदायिक बन उपभोक्ता समूहको कार्यालयको सूचना पाटीमा, बन निर्देशनालय भैरहवामा डिभिजन बन कार्यालय घोराही दाङमा र दाङ जिल्ला स्थित अन्य कार्यालयहरूमा समेत टाँस गरिने छ ।

**श्री राधाकृष्ण सामुदायिक बन उपभोक्ता समूह**
**शान्तिनगर गा.पा. वडा नं. ७ दाङ**

## प्रमाणपत्र हराएको सूचना

मिति **2079-10-17** गते सतुगल देखि कालिमाटी सम्म जाँदा मेरो निम्न व्यहोरा भएको प्रमाण पत्रहरू साथै सक्कली माइग्रेशन सर्टिफिकेट हराएको हुँदा पाउनु हुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनु हुनु अनुरोध गर्दछु ।

**नाम: Hari Nanda Shrestha**
**ठेगाना: Chandagiri-8, KTM, Nepal**
**रजिष्ट्रेशन नं.602796021**
**सिम्वोल नं.: 345719**
**फोन: 9851107631**

## No Objection Letter Lost

मिति 2079-02-30 गते सानो भ्याङबाट स्वयम्भु भगवान पाउसम्म जाँदा मेरो नाममा शिक्षा मन्त्रालयबाट जारी भएको NOC Letter हराएको हुँदा पाउनु हुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरि दिनु हुनु अनुरोध गर्दछु ।

नाम : **गौरव बिश्वकर्मा**
NOC नं: **७८३२७३५**
जारी मिति: **२०७८/०९/२७** (Jan 11,2022)
ठेगाना: **अन्नपुर्ण २, म्याग्दी**
सम्पर्क: **९८१६१२२८८९**


## कतार/साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : NEW TOP CHOICE CLEANING

पूर्व स्वीकृति मिति २०७९/०९/२१ पुन विज्ञापन स्वीकृति मिति २०८०/०१/२४ LT. No. 278935 चलानी नं. ६०१९४४३६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labour | 4 | 0 | 1000 | ३५,८९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Marketing | 1 | 0 | 3500 | १२५,६२० | | | | | | | |
| 3 | Salesman | 1 | 0 | 1500 | ५३,८३५ | | | | | | | |
| 4 | Store Keeper | 1 | 0 | 2000 | ७१,७८० | | | | | | | |
| 5 | Supervisor | 1 | 0 | 2500 | ८९,७३० | | | | | | | |

कम्पनी : HAPPY MY ORDER DELIVERY COMPANY

पूर्व स्वीकृति मिति २०७८/०८/१९ पुन विज्ञापन स्वीकृति मिति २०८०/०१/२४ LT. No. 251629 चलानी नं. ६०१६९६२५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 7 | 0 | 2000 | ६९,६७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Light Vehicle Driver | 5 | 0 | 1000 | ३४,८४० | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० जेठ ०१ गते (15th May. 2023) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

TARGET श्रम ईजाजत नं.८३३/०६६/०६७

**Target Consultant Human Resources Pvt. Ltd.**
Sinamangal-9, Shambhu Marga, Kathmandu, Nepal. Tel: +977- 015911250/015911251
FAX:+977-015911251, E-mail: info@targetnepal.com, Web: www.targetnepal.com

# आरजुलाई ‘पम्फादेवी’ भन्ने अमरेशमाथि ‘मिसोजिनी’को आरोप



■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाली कांग्रेसकी सांसद डा. आरजु देउवाले आफूलाई ‘पम्फादेवी’ करार गरेकोमा संसद्मै आक्रोश पोखेकी छन् । आइतबारको संसद् बैठकमा कांग्रेस केन्द्रीय सदस्यसमेत रहेकी डा. देउवाले भ्रष्टाचारको आरोप आफूमाथि लगाउनेहरूले पुष्टि गर्नुपर्ने चेतावनीसमेत दिइन् ।

‘मेरो नाम जोडेर अनेकथरी प्रश्न उठेका छन् । आज पनि उठेको मैले पाएको छु । एउटा नारीले आफ्नो हैसियतमा राजनीति गरेको यो देशमा सहच नहुने रहेछ,’ डा. देउवाले भनिन् ।

वैशाख १५ गतेको संसद् बैठकमा स्वतन्त्र सांसद डा. अमरेशकुमार सिंहले आरजुको नायवीमाथि प्रश्न उठाएका थिए । अमरेशले आरजुलाई ‘ पम्फादेवी’ नामसमेत करार गर्दै २०६३ सालयता आरजुको भ्रष्टाचारमा रजाइँ चल्न थालेको आरोप लगाएका थिए । ‘०६३ यता जो पम्फादेवी जन्मिएको छ । त्यो पम्फादेवीको कारबाहीका लागि अस्ति पनि गृहमन्त्रीलाई भनेको छु, कि पम्फादेवीको सम्पत्ति छानबिन होस् । पम्फादेवीको कारोबार छानबिन होस्,’ सिंहले भनेका थिए ।

अमरेशको टिप्पणी महिलाद्वेषी रहेको आरजुले तर्क गरिन् । आफू यस्ता टिप्पणीबाट नडराउने दाबीसमेत उनले प्रस्तुत गरिन् । ‘एउटा टर्म छ मिसोजिनी। पुरुषले भनेको ठाउँमा मात्र नारी बस्नुपर्ने । उनीहरूले भनेको मात्र भाष्य हामीले बोल्नुपर्ने । उनीहरूले भनेकोमात्र हामीले एक्सरसाइज गर्नुपर्ने । आफ्नो पब्लिक लाइफमा आयो भने असहच नहुने,’ उनले भनिन्, ‘यसको लागि जसले जति क्रिटिसाइज गरे पनि मैले केही बिराएको छैन म डराउदिनँ ।’

राजा वीरेन्द्रको शासनमा रानी ऐश्वर्यदेवीलाई भ्रष्टाचारको आरोप लाग्थ्यो । स्वीस बैंकमा ऐश्वर्यले पैसा जम्मा गरेको आरोप लाग्थ्यो । त्यतिबेला समाचार लेख्दा रानीको नाम राख्न नसक्ने भएकोले पम्फादेवीको नाममा उनको विरोध हुन्थ्यो । पछि पम्फादेवीकै नाममा उनको विरोधमा समाचारहरू प्रकाशन हुन्थ्यो । यही शैलीमा आरजु भ्रष्टाचारमा उत्रिएको अमरेशको आरोप थियो । त्यसो त नक्कली भुटानी शरणार्थी प्रकरणमा पनि आरजुको नाम मुछिएको छ ।

कुनै विषयमा टिप्पणी गर्दा तथ्यमा रहेरमात्र गर्नुपर्ने उल्लेख गर्दै उनले सबै सांसदको सम्पत्ति सार्वजनिक गर्नुपर्ने माग राखिन् । ‘मेरो श्रीमान् (शेरबहादुर देउवा) पाँच-छ चोटि प्रधानमन्त्री भइसक्नुभएको छ । हाम्रो सम्पत्ति विवरण मेरोलगायत यो नेपाल सरकारसँग सुरक्षित छ । म एउटा अनुरोध गर्छु सबै सांसदको सम्पत्ति विवरण प्रकाशित गरौं हाम्रो संसद्को वेबसाइटमा,’ आरजुले भनिन्, ‘जनताले सबै देखोस् कहिले के थियो ? कसको बढ्यो ? कसको घट्यो के स्रोत हो ? सबैको होस् । कुराचाहिँ ठूलठूला गर्ने, होच्याउन पायो भनेर जे पनि बोल्ने ? तथ्यमा आधारित भएर बोलौं ।’

अमरेशको अभिव्यक्ति सामाजिक सञ्जालदेखि मिडियामा छाएपछि आरजुले गत मंगलबार विज्ञप्ति जारी गर्दै आक्रोश पोखेकी थिइन् ।

## आफ्नै...

पृष्ठ १ बाट जारी

विभिन्न नियुक्ति र सरकारमा आफ्नो भाग खोज्दै आएका छन् । तर, भागबण्डामा उनलाई संस्थापनइतरले नै पत्याइदिएन । संसदीय दलको नेतामा शेखरलाई रोकेर अघि बढेसँगै गगनलाई संस्थापनइतरले पाखा लगाउने प्रयास जारी राखेको छ ।

गगनको चाहना डिगबहादुरलाई रोकेर आफूलाई पत्याइदिने नेतालाई सरकारमा पठाउने थियो । नभए आफैं सरकारमा जाने तयारी गगनले गरेका थिए । तर, गगनको कुराको कुनै सुनुवाइ भएन । ‘शेखर गुटका भएकाले डिगबहादुरलाई जसरी पनि रोक्ने गगनको रणनीति थियो, पार्टीको महामन्त्रीले भाग खोज्नु स्वाभाविक पनि हो,’ कांग्रेसका एक केन्द्रीय सदस्यले भने, ‘रोक्न नसके आफैं सरकारमा जाने उहाँको तयारी थियो ।’

संस्थापनइतरले शेखर-गगन ‘टसल’ साम्य पार्न तीन थान कोटा मागेको थियो । तर, पार्टी सभापतिले शेखरलाई थुम्थुमाएपछि गगनको स्थिति ‘हात लाग्यो शून्य’ भएको छ । आफ्नो भागमा मन्त्रालय नपरेपछि गगनले सामाजिक सञ्जालमार्फत आक्रोश पोखेका छन् ।

आइतबार थापाले अब त अत्ति भएको उल्लेख गर्दै आफ्नै गुट बनाउनेतर्फ संकेत गरेका छन् । ‘कहिले प्रक्रिया चित्त बुझेन, कहिले पद्धति, कति निर्णयहरू मन परेनन्, कति आफूले राखेका विषयले प्रवेश नै पाएनन्,’ गगनले भनेका छन्, ‘धेरै पटक लाग्यो प्रतिरोध गरूँ, तर हरेकपटक सोचें, म जिम्मेबारी लिएर बसेको छु, एउटा सीमा छ । त्यसैले कहिले मौन रहें त कहिले भित्रै आफ्ना मत र अडान राखें, लडे, साथीहरूलाई सम्झाएँ तर अब त अति भयो !’

पार्टीबाट नौ-नौ जना मन्त्री सरकारमा सहभागी हुँदा पनि आफ्नो भागमा एक जना पनि नपरेपछि गगनले चेतावनीयुक्त टिप्पणी गरेको देखिन्छ । पार्टीका थर्ड पोल मानिने कृष्णप्रसाद सिटौलासँग लागेर १३औं महाधिवेशनमा महामन्त्री दाबी गरेका गगनले १४औं महाधिवेशनमा गुट फेरेका थिए । गुट फेरेसँगै महामन्त्री बनेका थापा उपनिर्वाचनमा डा. स्वर्णिम वाग्लेविरुद्ध दिएको अभिव्यक्तिका कारण युवाहरू रुष्ट बनेका छन् ।

यसो त पार्टीभित्र प्रभावशाली मानिने प्रा.डा. शशांक कोइरालाको गुटबाट सरकारमा छिर्ने तयारी गरेका दीपक खड्का पनि अहिले चुपचाप बसेका छन् । शुक्रबार चितवन पुगेर कोइरालाले असन्तुष्टि पोखिसकेका छन् । यता प्रकाशमान सिंहले काठमाडौंबाट एक जना हुनुपर्ने अडान राख्दै आएका थिए । उनको माग पनि पार्टीमा सुनुवाइ भएको छैन । त्यसैगरी मन्त्री असमावेशी भएको भन्दै सहमहामन्त्री जीवन परियारले असन्तुष्टि जनाउँदै आएका छन् ।


## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : TARIQ AL GHANIM FOR GENERAL TRADING COMPANY

पूर्व स्वीकृति मिति:२०७८/०७/११ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०१/२४ | LT. No. 249533 | चलानी नं. ६०१६६४९५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | LABOR | 27 | 0 | 95 | ४०,५३० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | SCAFFOLDER | 102 | 0 | 130 | ५५,४६५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० जेठ ०१ गते (15th May. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Nile International Manpower Agency Pvt. Ltd.**

Sinamangal, Kathmandu, Nepal Tel : +977-1-4599491, 4578036
Fax : 00977-1-4494529 Email : nileintl@wlink.com.np/nileintl1@gmail.com /nileintl2008@yahoo.com Website: www.nilegroupofcompanies.com

श्रम ईजाजत नं. ८२०/०६६/०६७



## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ABDUL HAMEED SALEM SONS COMM. CO. WLL

पुर्व स्वीकृति मिति २०८०/०१/२४ | LT. No. 285466 | चलानी नं. ६०२०१०२५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner Indoor | 300 | 250 | 85 | ३६,२६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० जेठ ०१ गते (15th May. 2023) मा हुनेछ ।

कम्पनी : ALSALAMAH GROUP CO FOR GEN TRAD & CONT

पुर्व स्वीकृति मिति २०७९/१०/03 | पुन विज्ञापन स्वीकृति मिति २०८०/०१/२४ | LT. No. 279566 | चलानी नं. ६०१९५११३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | CLEANER (INDOOR) | 0 | 6 | 120 | ५०,९०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० जेठ १/२ गते (16/17th May. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: १०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**National Exports Manpower Consultant Pvt. Ltd.**

Sinamangal-9, Kathmandu, Nepal, Phone No.: +977-1-4233652
E-mail : nationalexportsmc@gmail.com



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : THE LADY'S CORNER SALON AND HEALTH INSTITUTE CO.

पुर्व स्वीकृति मिति २०७९/०७/१८ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०१/२४ | LT No :274812 | चलानी नं. ६०१८८३७९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Beautician | 0 | 40 | 150 | ६३,९९५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Cleaner | 0 | 8 | 85 | ३६,२६५ | | | | | | | |
| 3 | Receptionist | 0 | 8 | 135 | ५७,५९५ | | | | | | | |

कम्पनी : OS CORNERS FOOD CATERING CO.

पुर्व स्वीकृति मिति २०७९/०६/०९ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०१/२४ | LT No :272378 | चलानी नं. ६०१८८३७९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cake Decorator | 2 | 0 | 180 | ७६,७९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Chef Assistant | 5 | 3 | 130 | ५५,४६५ | | | | | | | |
| 3 | Coffee Maker | 2 | 2 | 150 | ६३,९९५ | | | | | | | |
| 4 | Driver | 4 | 0 | 140 | ५९,७३० | | | | | | | |
| 5 | Florist | 2 | 2 | 140 | ५९,७३० | | | | | | | |
| 6 | Pastry Chef / Baker | 4 | 0 | 170 | ७२,५३० | | | | | | | |
| 7 | Sales Man / Sales Ladies | 4 | 4 | 130 | ५५,४६५ | | | | | | | |
| 8 | Waiter/waitress | 5 | 5 | 130 | ५५,४६५ | | | | | | | |

कम्पनी : FOOD CIRCLE RESTAURANTS COMPLEX CO W.L.L.

पुर्व स्वीकृति मिति : २०७९/०५/०२ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०१/२४ | LT. No. 269918 | चलानी नं.६०१८५६८२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Body Builder Trainer | 5 | 0 | 170 | ७२,५३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Cashier | 4 | 4 | 130 | ५५,४६५ | | | | | | | |
| 3 | Chef Assistant / Preparer | 20 | 0 | 120 | १,१९५ | | | | | | | |
| 4 | Cleaner (Indoor) | 10 | 0 | 90 | ३८,३९५ | | | | | | | |
| 5 | Coffee Maker / Juice Maker | 2 | 2 | 130 | ५५,४६५ | | | | | | | |
| 6 | Cook | 6 | 0 | 150 | ६३,९९५ | | | | | | | |
| 7 | Fitness Trainer | 5 | 0 | 170 | ७२,५३० | | | | | | | |
| 8 | Swimming Trainer | 5 | 0 | 170 | ७२,५३० | | | | | | | |
| 9 | Waiter/waitress | 4 | 4 | 130 | ५५,४६५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० जेठ ०१ गते (15th May. 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने /प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले दिने | रु.७००/- कामदार आफैंले | रोजगारदाताले दिने |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु.१,५०० कामदार आफैंले **सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने** : नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Omega International Pvt. Ltd.**

Govt. License No. 1352/074/075

Basundhara, Kathmandu, Nepal, Ph. No: +977-4954327, 4954337
E-mail : info@omeganepal.com,Website : www.omeganepal.com


## INVITATION FOR BIDS

**Karnali Provience Government**
**Ministry Of Social Development**
**Health Service Directorate**

# Health Service Office, Rukum West

**Date of publication: 2023/05/08 (2080/01/25)**

**Invitation for Bids No: HSORUKUM/NCB/GOODS/001/2079/2080**

1. Health Service Office, Rukum West has allocated budget towards the cost of Supply, delivery and installation of HF Digital X-ray 500MA With Double Detector DR System and intends to apply part of the funds to cover eligible payments under the Contract for Supply, delivery and installation of HF Digital X-ray 500MA With Double Detector DR System (HSORUKUM/NCB/GOODS/001/2079/2080). Bidding is open to all eligible Bidders.
2. The Health Service Office, Rukum West invites Electronic bids from eligible bidders for the procurement of HF Digital X-ray 500MA With Double Detector DR System under National competitive bidding Single Envelope procedures.The bidder may submit the bid for Contract as mentioned below and offer discounts/ cross discounts, with contracts awarded based on the award combination that is of least cost to the Purchaser.
3. Eligible Bidders may obtain further information and inspect the bidding documents at the office of Health Service Office, Rukum West Karnali Province or may visit PPMO eGP system www.bolpatra.gov.np/egp.
4. Bidding documents is available online and can be downloaded from e-GP system www.bolpatra.gov.np/egp. Interested bidders shall register in the e-GP system and deposite the cost of bidding document in the following bank.

| | | | |
|---|---|---|---|
| Name of Bank: | Nepal Bank Limited Rukum west | Office Account No: | 27502000001001000001 |
| Name of the Office: | Health Service Office, Rukum West | Revenue Head No: | 14229 |
| Office Code No.: | 3500259036 | Bid Document Fee: | Rs. 3000/- |

5. Pre-bid meeting shall not be held.
6. Electronic bids must be submitted to the office Health Service Office, Rukum West through PPMO's e-GP system www.bolpatra.gov.np/egp on or before 12:00 PM on 2023/06/08. Bids received after this deadline will be rejected.
7. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 13:00 PM 2023/06/08 at the office of Health Service Office, Rukum West. Bids must be valid for a period of 90 days from the date of bid opening and must be accompanied by a bid security, amounting as per below Bank Vouchar in the name of Provience Fund Unit Office Rukum west, Dharauti Account No. 07702000002003000001 (Nepal Bank Limited Rukum west),Office Code No 3500259036 (Health Service Office, Rukum West). The bid security shall be valid for 30 days beyond the validity period of the bid.
8. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.
9. The name and identification of the contract is as follows:

| S.n | Name | Contract id No. | Bid Security (NRs) |
|---|---|---|---|
| 1 | Supply, delivery and installation of HF Digital X-ray 500MA With Double Detector DR System | HSORUKUM/NCB/GOODS/001/2079/2080-001 | 2,50,000/- |

**Office Chief**
**Health Service Office Rukum West**

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# लोकप्रिय होइन वास्तविकतामा ध्यान देऊ

आगामी आर्थिक वर्षको बजेट तयारी गरिरहेको सरकारले आइतबार संघीय संसद्मा विनियोजन विधेयकको सिद्धान्त र प्राथमिकता प्रस्तुत गरेको छ । अर्थमन्त्री डा. प्रकाशशरण महतले प्रतिनिधिसभा र राष्ट्रिय सभाका छुट्टाछुट्टै बैठकमा बजेटका सिद्धान्त तथा प्राथमिकता प्रस्तुत गरेका हुन् । उनले अर्थतन्त्रका सूचकहरू सकारात्मक बन्दै गएको र वर्तमान संकटबाट पार लगाउँदै अर्थतन्त्रलाई सुधारको बाटोमा लैजानेगरी आगामी बजेट ल्याइने बताए ।

आगामी आर्थिक वर्षको बजेट दिगो, फराकिलो एवं समावेशी आर्थिक वृद्धि हासिल गर्ने, रोजगारीका अवसर बढाउने, सुशासन प्रवर्द्धनमा केन्द्रित हुने, सेवा प्रवाहमा सुधार तथा स्रोत साधनको प्रभावकारी परिचालनलाई प्राथमिकतामा राख्नेतर्फ लक्षित हुने उनको भनाइ छ । दिगो, फराकिलो एवं समावेशी आर्थिक वृद्धि र समष्टिगत आर्थिक स्थायित्वलाई आगामी आर्थिक वर्षको बजेटको पहिलो सिद्धान्तका रूपमा राखिएको छ । सरकारी, निजी र सहकारी क्षेत्रको लगानीको प्रभावकारिता वृद्धि गरी उत्पादनमुखी अर्थतन्त्रको आधार निर्माण गर्नेतर्फ बजेट केन्द्रित हुने अर्थमन्त्री महतको भनाइ छ ।

सामाजिक क्षेत्रको विकास र सामाजिक न्यायलाई पनि बजेटको सिद्धान्तमा राखिएको छ । संविधानले प्रत्याभूत गरेको गुणस्तरीय शिक्षा, स्वास्थ्य र खानेपानी सुविधालाई सहज रूपमा उपलब्ध गराउने नीति सरकारले लिएको छ । दिगो विकास र जलवायु परिवर्तनको विषयलाई केन्द्रमा राखेर सन् २०३० सम्ममा दिगो विकास लक्ष्य हासिल गर्नेतर्फ बजेट निर्देशित हुने अर्थमन्त्री महतले बताए । संघीयताको सबलीकरणको विषय पनि आगामी आर्थिक वर्षको बजेटको निर्देशक सिद्धान्तका रूपमा राखिएको छ । निजी क्षेत्रलाई आर्थिक वृद्धिको संवाहकका रूपमा विकास गरी मनोबल बढाउनतर्फ बजेट केन्द्रित हुने जनाइएको छ ।

बजेटको सिद्धान्त र प्राथमिकतामा संकटमा रहेको अर्थतन्त्रलाई सुधार गर्ने बताइए पनि कतिपय प्राथमिकताहरू त्यसको विपरीत देखिन्छन् । प्रत्येक वर्ष सरकारले महत्त्वाकांक्षी तथा आकर्षक कार्यक्रम ल्याउने गरेको छ । तर, त्यसरी कार्यक्रम ल्याउँदा स्रोतको सुनिश्चितता गरिएको हुँदैन । जसकारण कार्यान्वयनमा चुनौती हुने गरेको छ । चालु आवमा सरकारले राजस्व लक्ष्यअनुसार संकलन गर्न नसक्दा स्रोत व्यवस्थापनमा सकस बेहोर्नुपरिरहेको छ । रेमिटयान्स र पर्यटनमा आएको सुधारले केही हदसम्म सहज बनाइरहेको छ । अन्य क्षेत्रमा अपेक्षित सुधार आएन सकेको छैन । वित्तीय क्षेत्र, उत्पादन क्षेत्र तथा विकास निर्माणको क्षेत्रमा देखिएको संकट र सुस्ततालाई मध्यनजर राख्दै आगामी बजेटको तयारी गर्न आवश्यक छ । त्यसैले लोकप्रियताका लागि महत्त्वाकांक्षी कार्यक्रमभन्दा तत्कालको समस्यालाई सम्बोधन गर्दै अर्थतन्त्रको सुधारमा सरकारको नीति तथा कार्यक्रम र बजेट केन्द्रित हुनुपर्छ । बजेट तयारीमा पहिलो नजर स्रोतको पहिचान र व्यवस्थापनमा हुनुपर्छ । अन्यथा स्रोतविनाको बजेटले सरकार र देशको अर्थतन्त्र दुवैलाई थप संकटतर्फ धकेल्ने निश्चित छ । बजेट निर्माण गर्दा सरकारले लोकप्रियताभन्दा पनि व्यावहारिक पक्षलाई ध्यान दिनुपर्छ ।


## मनन्योग्य

### चाणक्य नीति

**विदुरको जन्म**

महाराज शान्तनुका दुई महारानीमध्ये जेठी गंगाबाट देवव्रत भीष्म जन्मिए । उनले आफ्ना पिताको खुसीको खातिर विवाह नै नगरी आजीवन या प्रतीज्ञा गर्दै (म्भाबअतय रूउभचयच) को रूपमा हस्तिनापुरको राजकाजको रेखदेख गर्ने गरेर नै आफ्नो जीवन बिताए । शान्तनुकी कान्छी महारानी केवट राजकी छोरी सत्यवती थिइन् । उनवाट गदर वीर्य नाउँ गरेका दुई पुत्र पैदा भएका थिए । शान्तनुपछि उनका छोरा चित्रांगद राजा भए यिनको अकाल मृत्यु हुँदा उनका भाइ बाचबत राजा भए । राजमाता सत्यवतीको आग्रहमा काशीका राजाका दुई छोरी अम्बिका र अम्बालिकासँग विचित्रवीर्यको भीष्मले विवाह सम्पन्न गराइदिएका थिए । विचित्रवीर्यको पनि अल्पायुमै (कुनै सन्तान पैदा हुनु अगाडि नै मृत्यु भयो । हस्तिनापुरलाई राज्य उत्तराधिकारीको अभाव हुन गयो । भीष्म, कुलगुरु आचार्य विभूति र उनका पिता आचार्य ब्राह्मिष्ठ, आचार्य देवपाल, भीष्मका काका सुकेतु कूटनीतिज्ञ कणिक, वेदव्यास र राजमाता सत्यवतीसमेत भई सल्लाह गरे । राजमाता सत्यवतीबाट नै जन्मिएका वेदव्यासलाई विधवा बुहारी अम्बिकालाई गर्भाधान गराउने र उनबाट पैदा भएको पुत्र हस्तिनापुरको राजगद्दीमा बसाउने निधो भएबमोजिम सत्यवतीले वेदव्यासलाई आग्रह गर्दै भनिन्छ- हेर छोरा ! तिमीजस्तो तपस्वी माहात्मा हुँदा हुदै हाम्रो कुरुवंश डुब्न लागेको छ, भीष्म आजीवन ब्रह्मचारी छन् विचित्रवीर्य मरिसक्यो अब हाम्रो वंश कसले चलाउने ? तिमीले नै आफ्नो तपस्याको प्रभावले हाम्रो वंशको सञ्चालन गरिदेऊ ।' व्यासजीले आफ्नो आमाको आग्रहलाई लत्याउन सकेनन् उनले आमालाई भने "अम्बिका वा आम्बालिका यदि मेरो अगाडि निर्वस्व आए भने दृष्टि शक्ति पाएर उनीहरूले सन्तान जन्माउन सक्नेछन् ।"

सत्यवतीले दुवै बुहारीलाई पालैपालो गरेर व्यासको अगाडि पठाइदिइन् । क्रमशः



# 'पत्रकारिता क्षेत्रलाई सपार्न सबैले प्रण गर्नुपर्छ'

**भैरव रिसाल**
वरिष्ठ पत्रकार

*वि.सं. १९८५ मा भक्तपुरमा जन्मिएका वरिष्ठ पत्रकार भैरव रिसाल आजपर्यन्त पनि उत्तिकै सक्रिय छन् । उद्यपि, स्वास्थ्यका कारण हिँडडुल गर्न केही कठिनाइ भए पनि घरमै बसेर लेखपढ गर्दै आजको पत्रकारितालाई नजिकबाट नियालिरहेका छन् । वि.सं. २०२० मा राससमा सेवा प्रवेश गरेका उनी वि.सं. २०४१ सम्म काम गरेर राजीनामा दिई निस्किएका थिए । राससमा केही वर्ष प्रमुख समाचारदाता रहेका उनी त्यतिबेला देशकै चर्चित पत्रकार मानिन्थे । अहिले पनि उनी उत्तिकै सक्रिय छन् । पत्रकारितालाई निष्ठामुखी बनाउनुपर्ने खाँचो औंल्याउँदै उनी भन्छन्, ' पत्रकारितालाई स्वतन्त्र, स्वच्छ र विश्वसनीय बनाउन सबैभन्दा पहिला पत्रकार नै इमान्दार हुनुपर्छ ।' मिडियामा पारदर्शिता हुनुपर्छ । पत्रकारिता स्वयं पारदर्शी भएन भने अरू को हुन्छ र ? उनको प्रश्न छ । सीमित स्रोत र साधनका बीचमा काम गर्नुपर्ने बाध्यताका बीच पनि आफ्नो जीवनको उर्वरशील समय पत्रकारितामा खर्चेर थुप्रै अनुभव सँगालेका उनका विचारले नेपाली पत्रकारिताको इतिहासलाई अझ आधिकारिक र मर्यादित बन्न बल पुग्नेछ । प्रस्तुत छ, राष्ट्रिय पत्रकारिता दिवसका अवसरमा नेपाली पत्रकारिताका एक जीउँदो साक्षी बनेका रिसालसँग राससका आलेख शाखा प्रमुख कृष्ण अधिकारी र उपप्रमुख समाचारदाता नारायण न्यौपानेले गरेको कुराकानीः*

**तपाईंले अभ्यास गरेको बेलाको पत्रकारिता र अहिलेको पत्रकारिताबीच के भिन्नता पाउनुहुन्छ ?**

पहिले पत्रकारिता थियो, अहिले पत्रकारिता छैन, पहिले पत्रिकामा लेखेको कुरा राज्यले सुन्थ्यो । एउटा घटना सुनाउँ, डिल्लीबजार चारखाल अड्डामा त्यहाँका सिपाहीले शनिबार खसी काटेर भाग लगाएर बेच्दै रहेछन्, म त्यस बेलाको पत्रिका हाँकको कार्यालय जान लागेको थिएँ । त्यहाँ खलबल सुनियो, शनिबार केको खलबल भन्ने लाग्यो । पत्रकार हुनुको नाताले जिज्ञासा भयो, यसो हेरेको त मासुको भाग लगाइराखेको देखें । मैले अफिसमा गएर कुरा राखे खबर हुन्छ कि हुन्न मलाई थाहा छैन भनें, मित्रहरूले लेख भने अनि लेखें । त्यो बक्स न्युज भएर छापिएछ । त्यो भएपछि टंकप्रसाद आचार्य आगो हुनुभयो । मलाई बेलाउन पठाउनुभयो, म गएँ । के गरेको यो भनेर जाग्नुभयो, हप्काउनुभयो । मैले तपाईंले खास किन बोलाउनुभएको मलाई भनें । उहाँले के गरेको भन्नुभयो । मैले त्यही गरेको भएर न तपाईंले बोलाउनुभयो, अनि मैले छापेको भनें । यसको अर्थ त्यो बेला पत्रकारिता थियो । अहिले पत्रकारिता छैन । अहिले पत्रिकामा कुनै समाचार छापियो भने प्रधानमन्त्रीले बोलाएर गाली वा माया गर्दैनन् । म त्यसरी हेर्छु ।

**अहिलेको पत्रकारितालाई कसरी हेर्नुभएको छ ?**

अहिलेको पत्रकारिता नरम छ, पत्रकारिताले जुन चोट दिनुपर्थ्यो अहिले त्यसले चोट हान्दैन । बञ्चरोले रुख काट्नलाई हानेपछि चोट दिनैपर्छ, चोट लाग्नैपर्छ, नत्र रुख कार्टिँदैन, पत्रकारितामा पनि लेखेको विषयले चोट लाग्नैपर्छ, लाग्ने हुनुपर्छ । अहिलेको पत्रकारितामा त्यो चोट लाग्दैन । अहिले जे जत्रो अक्षरमा लेखे पनि सरकार वा अन्य कुनै निकायले सुन्दैन । त्यतिबेला समाचारको ठूलो महत्त्व हुन्थ्यो । व्यावसायिक पत्रकारिता भएपछि व्यापारिक पत्रकारिता हुँदोरहेछ ।

**पहिलेको तुलनामा नेपालको पत्रकारिता निकै विकास भएको छ, यसमा यहाँको भनाइ के छ ?**

पैसा कमाउनेले यसै भन्छन्, कहिकाहीं जागिर जोगाउन पनि भन्न पर्ला । त्यसबेलाको पत्रकारिता पैसा कमाउनलाई होइन, एउटा मिसनका रूपमा गर्ने भन्ने थियो । मैले पत्रकारिता पढेको होइन, त्यो पढेको भए म बिग्रन्थे कि ? गर्दै सिक्दै गरेको मानिस हुँ । तपाईं अहिलेसम्म सोध्दै हुनुहुन्छ पत्रकार भनेर ? त्यतिबेला मात्र होइन, अहिले पनि त पत्रकार नै रहेछु नि ! तर अब भोलिका दिन यसरी जीवन्त रहन गाह्रो देख्छु ।

**अहिलेको नेपाली पत्रकारिताका चुनौती के हुन् त ?**

अहिलेको पत्रकारिता असाध्यै यान्त्रिक हुँदै गएको छ । सूचना त पाइन्छ तर समाचारको गुदी हुँदैन । अहिलेको पत्रकारिताको चुनौतीबारे हाकाहाकी भन्ने हो भने, पैसा कमाउने पत्रकारिता भयो । एकथरि जागिर खाने पत्रकारिता भयो त्यो छँदै छ । अहिले ठ्याक्कै जागिर खाने र पैसा कमाउनेमामात्र सीमित भएको छ पत्रकारिता । निजी क्षेत्रका पत्रकार पैसा कमाउनतिर गए, सरकारीचाहिँ जागिर खानतिर लागे । यसले गर्दा निष्पक्ष पत्रकारिता रहन सकेन । यो नै अहिलेको पत्रकारिताको मुख्य चुनौती हो ।

**अहिलेको पत्रकारितामा सुधार गरी ओज बढाउन यहाँको सुझाव के छ ?**

पत्रकारले पत्रकारिता गरेपछि पत्रकार नै हुनुपर्छ । व्यापार, नाफा नोक्सान हेर्न भएन । जे हुन्छ पत्रकारिता नै गर्नुपर्छ । त्यो भनेको साँचो कुरा नढाँटी दिने हो । सत्यकुरा जस्ताको त्यस्तै दिने हो । जस्ताको त्यस्तै दिनु नै पत्रकारिता हो । साहित्य मिसाएर अलि राम्रो बनाउन खोज्नु बेग्लै कुरा हो ।

**मुलुकमा अहिले विकास भएको मिडिया र संख्यालाई कसरी हेर्नुभएको छ ?**

समस्या नै यही त हो नि । मिडिया धेरै हुनु पनि एउटा कारक हो । एउटा जिल्लामा एक/दुईवटा एमएम भए पुग्नेमा १० वटासम्म भएको सुन्छु । यसले गर्दा कर्मचारीले तलब खान पाउँदैन । मिडिया पनि राजनीतिक दल पिच्छे हुन गए । जसले सही सूचना र समाचार पस्कनको साटो जनतालाई भ्रम फैलाउने काम गर्दै आएका छन् । गुप्तचरीका लागि पनि पत्रकारिता प्रयोग गरिएको छ ।

**इन्टरनेटको प्रवेशसँगै पत्रकार बन्ने होड बढ्न थालेको देखिन्छ, यसलाई कसरी हेर्नुहुन्छ ?**

त्यही भएर त बिग्रेको छ नि पत्रकारिता ! प्रविधिले मानिसलाई महाअल्छी बनाएको छ । त्यही छ नि भनेर मेहनत नै गर्न नपर्ने भयो । छान्न पाइयो कुन लिने कुन नलिने भनेर । छान्ने अधिकारले पनि पत्रकारिता चिप्लिएको छ । संख्यात्मकभन्दा पनि गुणात्मक हुनुपर्ने हो, त्यो गुणात्मकता मिडियाको संख्यामा पनि छैन र पत्रकारको संख्यामा पनि छैन ।

**प्रविधिले झन् सजिलो बनाएको होइन र ?**

प्रविधिले फड्को मारेको हो, पत्रकारिताले होइन । प्रविधिको प्रयोगले बाठोले फाइदा लिन्छ । अरुले लिन सक्दैन । ठूला मिडियामा भएकै मानिस पनि अनलाइनमा गए । त्यसकारण पछिल्लो कालखण्डमा पत्रकारिता क्षेत्र व्यापक भएको होइन, बिथोलिएको हो । निष्ठा र विश्वास हराउँदै गएको हो । पक्कै पनि प्रविधिले प्राविधिकरूपले सजिलो त बनाएको छ, तर खास पत्रकारिताको ज्यान जोगाउन सकेन ।

**पत्रकारितामा लागेर बाँच्नसक्ने अवस्था छैन भनिन्छ नि ?**

त्यसको औषधि त खै के छ र ! मुख्य कुरा भनेको इमान्दारी नै हो । पैसामा नबेचिने हो । त्यो नहुँदा बाँच्न त अप्ठ्यारो नै पर्‍यो नि हगि ? परिवार होलान् । यो कुरा राष्ट्रको मूल मान्छे अर्थात् नेतृत्व गरेर जसले परिवर्तन गर्न सक्छ, उसले विचार गर्ने कुरा हो । उनीहरूको समस्या हुनुपर्नेमा लेखेर खानेको समस्या हुन गयो ।

**सुधारका लागि कसले नेतृत्व लिनुपर्ला जस्तो लाग्छ यहाँलाई ?**

नेतृत्व अरु कसैले लिने नै होइन, व्यक्ति विशेष आफैं सप्रनु र सुध्रिनुपर्छ, यसले भन्ने नै छैन । आफैंले हेर्ने हो । तपाईं केटाकेटी हुनुहुन्न । हात समातेर हिँड्नुपर्ने अवस्था छैन, कहाँ लडिन्छ वा लडिन्न भन्ने हेर्नुपर्छ । अर्कोले समातेर हिँडाउँदा लडिने सम्भावना बढी हुन्छ । पत्रकारिता क्षेत्रमा प्रयोग भएका नवीनतम प्रविधिको प्रयोग र सहायताले विषयवस्तु खोतल्ने मात्र होइन, अब यस्तो हुनसक्छ भनेर पूर्वानुमानसमेत गर्न थालेको छ, तर केही मिल्छ, केही मिल्दैन । नमिले पनि नोक्सान गर्दैन मिलेमा फलानाले भनेको थियो भन्छन् नि ! अहिले बास्तविकताभन्दा बढचाइले धेरै काम गरिरहेको छ ।

**पत्रकारिता पेसा मर्यादित र अवसर प्राप्त पेसा हो नि ?**

पत्रकारिता समाजको धुमधाम मर्यादित पेसा हो । समाजले यस्तो लेखेछ भन्छन् । फटाहा तर्सने, असल मानिस प्रोत्साहित हुने त्यो न हो । अहिले त्यो छैन । मैले थाहा पाएसम्म । एउटा मान्छेले प्रधानमन्त्रीलाई चिन्दा दंग हुन्छ । मैले नौ वटा प्रधानमन्त्रीसँग काम गरें । काम गर्दै जाँदा कोहीसँग राम्रो रह्यो कोहीसँग त्यो हुन सकेन अलग कुरा भयो । तर, त्यो मौका त मैले पाएँ नि ! अर्का एउटा प्रोफेसर वा डाक्टरले त पाउँदैन । त्यो मौका मैले पाएँ । पत्रकारले मौका पाउँछ, तर त्यसलाई टिप्न सक्छ कि सक्दैन त्यो अलग कुरा हो ।

**त्यो नहुनुका कारण के हुन सक्छ ?**

नहुनेका कारण भनेका हामी लोभानी पापानीमा फस्यौं । उसले नि कमायो, अर्कोले नि कमायो, म मात्र के गर्ने भन्ने त्यो अवस्थाले पनि बिगारेको छ । सँगैको साथी मोटर चढ्छ, म पानीमा भिजेर हिँड्छु भन्ने जस्तो हुँदोरहेछ । त्यसैले निष्ठाको व्रतमा बस्न गाह्रो छ । अवसर हुँदाहुँदै पनि मर्यादामा बस्न नसक्दा नै आज पत्रकारप्रति समाजको हेर्ने दृष्टिकोण राम्रो छैन । हिजो यस्तो थिएन ।

**सरकार र राजनीतिक दल पनि पत्रकारिताको विकासमा चिप्लिएका हुन् ?**

यसमा राजनीतिक दल र सरकारले पत्रकारिता क्षेत्रको विकासका लागि चिप्लिएका मात्र होइन, वेइमानीसमेत गरेको अवस्था हो । जस्तो राजनीतिक दलका नेता कुनै घटनामा मुछिँदा परिस्थितिको सामना गर्नुपर्छ, बहादुर र इमान्दारले भागेर हुन्न ।

**मर्यादामा रहेर काम गरिरहेकाले पनि यो पेसामा लाग्न आफ्ना सन्ततिलाई प्रेरित गरिरहेको देखिन्न नि ?**

कति मर्म रहेछ हेर्नुस् त, उसले त्यसो भन्न नपर्ने हो नि ! यस्तो अवस्था आउनु भनेको दुर्भाग्य हो । यो अवस्था हामी पत्रकारले नै ल्यायौं । राजनीतिवाला यति फटाह भए कि अहिले । पहिले त यस्तो फटाहा थिएनन् । विश्वेश्वर, टंकप्रसादजस्ता नेताहरू केही ढाँट्दैनथे । त्यतिबेला उहाँहरूलाई भेट्न पत्रकार आयो भनेपछि चिट पठाउन पर्दैनथ्यो । चिया पनि उनीहरूले खाने बेलामा दिन्थे नत्र दिँदैन थिए । पत्रकारिता मर्यादित हुन सम्पूर्ण जगत नै सप्रनुपर्छ । नेपालमामात्रै सप्रिएर हुन्न । हिन्दुस्तान र चिनमा पनि त्यस्तै छ ।

**अन्त्यमा राष्ट्रिय पत्रकारिता दिवसका सन्दर्भमा यहाँको केही सन्देश छ कि ?**

मुलुकको पत्रकारिता क्षेत्रलाई सपार्न सबैले प्रण गर्नुपर्छ, त्यो खोज्नुपर्छ । सपार्न खोज्ने पत्रकार पत्रकार भएर बाँच्न पाउनुपर्छ । ठूला नाम चलेका पत्रकार र ठूला अखबार विज्ञापन आउने र नआउनेमा भर पर्दोरहेछ । विज्ञापन दिएमा पक्षमा नदिएमा विरोध गर्ने अनि विपक्षमा लेख्ने हुँदो रहेछ, त्यो नगरौं । प्राप्ति एउटा कुरा हो, 'डेलिभरी' अर्को कुरा हो । डेलिभरीलाई प्राप्तिसँग दाँज्न हुँदैन । मैले के पाएँ र पक्षमा दिने केही पाइन भनेर विपक्षमा लेख्ने नगर्ने हुनुपर्छ । साँचो कुरा दिँदा जे हुन्छ, त्यही हुन्छ । यसो हुन सक्यो भने मात्रै भविष्यमा पनि पत्रकारिता दिवसको सन्दर्भिकता रहन सक्छ ।

- अहिलेको पत्रकारिता असाध्यै यान्त्रिक हुँदै गएको छ । सूचना त पाइन्छ तर समाचारको गुदी हुँदैन ।
- अहिले ठ्याक्कै जागिर खाने र पैसा कमाउनेमामात्र सीमित भएको छ पत्रकारिता ।
- प्रविधिले मानिसलाई महाअल्छी बनाएको छ । छान्न पाइयो कुन लिने कुन नलिने भनेर । छान्ने अधिकारले पनि पत्रकारिता चिप्लिएको छ ।
- प्रविधिले फड्को मारेको हो, पत्रकारिताले होइन ।
- पछिल्लो कालखण्डमा पत्रकारिता क्षेत्र व्यापक भएको होइन, बिथोलिएको हो । निष्ठा र विश्वास हराउँदै गएको हो ।
- अवसर हुँदाहुँदै पनि मर्यादामा बस्न नसक्दा नै आज पत्रकारप्रति समाजको हेर्ने दृष्टिकोण राम्रो छैन ।
- मुलुकको पत्रकारिता क्षेत्रलाई सपार्न सबैले प्रण गर्नुपर्छ । सपार्न खोज्ने पत्रकार पत्रकार भएर बाँच्न पाउनुपर्छ ।

# एनआरएनलाई नागरिकता दिलाउन साझा प्रतिबद्धता

**काठमाडौं (प्रस)**– गैरआवासीय नेपालीलाई आर्थिक सामाजिक अधिकारसहितको नागरिकताका प्रदान गर्ने विषयमा प्रमुख दलका नेताले साझा प्रतिबद्धता व्यक्त गरेका छन् । चेक रिपब्लिकको राजधानी प्रागमा जारी गैरआवासीय नेपाली संघको १५औं युरोप क्षेत्रीय सम्मेलनलाई आइतबार सम्बोधन गर्दै नेपाली कांग्रेस, नेकपा एमाले, नेकपा माओवादी केन्द्र र राष्ट्रिय स्वतन्त्र पार्टीका सांसदले गैरआवासीय नेपालीहरूका मुद्दाका एक मत जाहेर गरेका हुन् ।

परराष्ट्रमन्त्री एनपी साउदले संविधानले गरेको परिकल्पनाभित्र गैरआवासीय नेपालीले नागरिकता पाउनेमा दुईमत नभएको बताए । संविधानले नै व्यवस्था गरेर गैरआवासीय नेपालीलाई आर्थिक सामाजिक र सांस्कृतिक अधिकारसहितको नागरिकता दिने भनी स्पष्ट व्यवस्था रहेकाले अबको केही समयभित्रै नागरिकताको मुद्दा सम्बोधन हुने बताए ।

कांग्रेस संसदीय दलका प्रमुख सचेतक रमेश लेखकले गैरआवासीय नेपाली नागरिकतालगायत विषय नेपाली कांग्रेस सकारात्मक रहेको बताए । उनले गैरआवासीय नेपालीको नागरिकता, सम्पत्ति अधिकार, मताधिकारका विषयमा विभिन्न कानुनमा संशोधन गर्नुपर्नेमा जोड दिए ।

एमाले उपाध्यक्ष तथा संविधानसभाका अध्यक्ष सुवास नेम्वाङले नेपालको संविधान निमार्णमा गैरआवासीय नेपालीहरूको समेत भूमिका भएको चर्चा गरे । उनले भने, 'नेपालको संविधानमा गैरआवासीय नेपाली नागरिकता प्रस्ट लेखिएकोले मूर्तता दिनुपर्छ । त्यसका लागि हामी सहयोग गर्न तयार छौं ।' उनले समयअनुकूल आवश्यकताअनुसार संविधानलाई संशोधन तथा परिमार्जन गरेर गैरआवासीय नेपालीलाई थप अधिकार दिन सकिने बताए । माओवादी केन्द्रका सांसद खिमलाल देवकोटाले गैरआवासीय नेपालीको मागप्रति प्रतिबद्धता व्यक्त गरे ।

## सदनमा...

पृष्ठ १ बाट जारी

छानबिन हुनुपर्छ ।'

सुवालको यो आक्रोशपूर्ण प्रश्नले बैठकलाई तरंगित बनायो । जुन संसद्को कार्यसूचीमै थिएन । संसद् बैठकको कार्यसूचीमा भने राष्ट्रपतिबाट अधिवेशन आह्वानको पत्र सभामुखले पढेर सुनाउने, मन्त्री नियुक्तिको पत्र पढेर सुनाउने, मुलुकी संहितासम्बन्धी अध्यादेश पेस गर्ने र अर्थमन्त्रीले २०८०/८१ को विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकतामाथि छलफलको प्रस्ताव पेस गर्ने थियो । तर, जबर्जस्त ठगी प्रकरणले स्थान पायो ।

सुवाललगत्तै बोलेका स्वतन्त्र सांसद डा. अमरेशकुमार सिंहले उक्त प्रकरणमा तत्कालीन मुख्यसचिव लोकदर्शन रेग्मीलाई मुछे । नेपालीलाई भुटानी शरणार्थी बनाउने कागजातमा मुख्यसचिवको हस्ताक्षर भएको उनको दाबी छ । ' बहालवाला सचिव पक्राउ परेका छन् पहिलोपटक । मिलिजुली गरेर राजनीतिक व्यक्तिलाई उम्काउने कुरा जनता स्वीकार गर्दैन,' उनले भने, 'सुनिएको छ कि मुख्यसचिवकोसमेत परिचयपत्रमा हस्ताक्षर छ । यसको छानबिन गर्न आयोग गठन गर्न म माग गर्दछु ।' उनले २०६३ सालपछि भएका सबै भ्रष्टाचारका काण्ड छानबिन गर्न आयोग गठनको औचित्य हुने पनि बताए ।

बैठक सुरु नहुँदै प्रश्न गर्न तम्सेका एमालेका सांसदहरू सुवाल र सिंहको अभिव्यक्तिपछि झन् आक्रोशित भए । उसो त प्रधानमन्त्री पुष्पकमल दाहालको शनिबारको अभिव्यक्तिले पनि एमालेलाई उत्तेजित बनाएको देखिएको छ ।

प्रधानमन्त्रीले ठगी प्रकरणमा कसैलाई पनि उन्मुक्ति नदिने उल्लेख गर्दै अहिले त 'ट्रेलर' मात्रै प्रदर्शन गरिएको र अब फिल्म देखाइने बताएका थिए । जवाफमा एमाले संसदीय दलका प्रमुख सचेतक पदम गिरीले प्रधानमन्त्री दाहाललाई खुलमखुला चुनौती दिए । उनले ठगी प्रकरणको फिल्म हेर्न आफूहरू आतुर भएकोसमेत बताए ।

'हामी फिल्म हेर्न आतुर छौं । टिकट काटेर बसेका छौं । वाइडबडीको छानबिन गरौं, बाँसबारीको छानबिन गरौं, मातातीर्थको छानबिन गरौं । यती, ओम्नी र लडाकु शिविर काण्डको पनि छानबिन गरौं,' गिरीले भने ।

एमाले सचेतक महेशकुमार बर्तौलाले यतिबेला सिंगो देशको ध्यान नेपालीलाई भूटानी शरणार्थी बनाएर अर्बौं घोटला गर्ने र दोषीलाई उम्काउने खेल भइरहेको भन्दै यस्ता घटनाको सत्यपक्ष छानबिन गरी दोषीलाई कारबाही गर्न माग गरे । एमालेकै अर्का सांसद सूर्य थापाले भ्रष्टाचारको फिल्म हेर्न आफू पनि तयार रहेको बताए । त्यसपछि पुनः सभामुखले सांसदलाई बस्न र नियम पालना गर्न अनुरोध गरे ।

नेपाली नागरिकलाई भुटानी शरणार्थीको परिचयपत्र बनाएर ठगी गरेको भनिएको प्रकरणमा एमालेका सचिवसमेत रहेका सांसद टोपबहादुर रायमाझीको संलग्नता देखिएको दाबी प्रहरीको छ । अदालतले उनलाई पक्राउ गर्न पुर्जीसमेत जारी गरिसकेको छ ।

उनका छोरा सन्दीप भने पक्राउ परिसकेका छन् । पार्टी उपाध्यक्ष रामबहादुर थापा पनि ठगी प्रकरणमा तानिने सम्भावना बढेको छ । प्रहरीले पर्याप्त प्रमाण जुटाउन थालेको छ । थापाका छोरा प्रतीकलाई त पक्राउ पुर्जी नै अदालतले जारी गरिसकेको छ । थापा पत्नी तथा पूर्वमन्त्री नैनकला थापा पनि ठगी प्रकरणमा मुछिएकी छन् । पूर्वगृहमन्त्री थापाका सुरक्षा सल्लाहकार डा. इन्द्रजित राई पक्राउ परिसकेका छन् । सरकारका बहालवाला सचिव टेकनारायण पाण्डेसहित गरी हालसम्म आठ जना पक्राउ परिसकेका छन् ।

अनुसन्धानमा प्रहरी अधिकारीहरूका अनुसार अझै धेरै राजनीतिक नेतृत्व, उच्च तहका कर्मचारी र केही गिरोह पक्राउ पर्ने सम्भावना छ । यहीबेला बसेको बजेट अधिवेशनको सुरुकै दिनमा यो प्रकरणले संसद् तातेको हो । एमालेकै सांसद सूर्य थापाले कमानसिंह लामा प्रकरणको छानबिन गर्न गृहमन्त्री नारायणकाजी श्रेष्ठ तयार हुनुपर्ने बताए । होइन भने एमालेप्रति राजनीतिक दुराशयले प्रेरित भएर ठगी प्रकरणलाई षड्यन्त्रपूर्ण ढंगले रचिएको खेलको रूपमा बुझ्न सकिने उनले बताए ।

पूर्वमाओवादी नेता स्वर्गीय लामाले मृत्यु हुनअघि श्रेष्ठले आफूविरुद्ध आर्थिक अपराध गरेर अन्ततः फसाएको गम्भीर आरोप लगाएका थिए । एमाले सांसद यही प्रकरणलाई फेरि उठाएका हुन् ।

तर, सत्तारुढ दल नेकपा माओवादी केन्द्रका सांसद माधव सापकोटाले भने कार्यसूचीमा प्रवेशै नगरी उभिएर विरोध गर्ने एमाले सांसदहरूको गतिविधि छापामार शैलीमा भएको आरोप लगाए । उनले प्रधानमन्त्रीको अभिव्यक्तिलाई खिसीटिउरीको रूपमा लिन नहुने र फरार सांसद टोपबहादुरलाई बुझाउन आग्रह गरे । 'प्रतिपक्षका साथीहरूले छापामार शैलीमा कुरा राख्नुभयो । प्रधानमन्त्रीले बोलेका कुराको खिसीटिउरी नगर्नुहोस् । इमानदारीपूर्वक टोपबहादुर रायमाझीलाई ल्याएर कानुनको दायरामा बुझाउनुहोस्, त्यसैमा कल्याण छ,' सापकोटाले भने ।

ठगी प्रकरणमा कांग्रेस सांसद डा. आरजु राणा र सोही दलकी सांसद मञ्जु खाण पनि मुछिएका छन् । खाणले छ करोड र आरजुले अढाइ करोड लिएको दाबी गरिएको अडियो सार्वजनिक भएको छ । तर, संसद्को बजेट अधिवेशनमा बोल्दै डा. राणाले आफू ठगी प्रकरणमा संलग्न नभएको दाबी गरेकी छन् । उनले ठगी प्रकरणमा नाम मुछिएकोप्रति आपत्ति जनाइन् ।


## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : OTTOMAN PALACE RESTAURANT

पूर्व स्वीकृति मिति २०७९/१०/२३ पुन विज्ञापन स्वीकृति मिति २०८०/०१/२४ LT. No. 280615 चलानी नं. ६०१९६१०५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Supervisor | 1 | 0 | 2500 | ८९,७३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० जेठ ०१ गते (15th May. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**VARSHA MANPOWER PVT. LTD.**
**(STAR INTERNATIONAL HUMAN RESOURCE PVT. LTD.)**
श्रम ईजाजत नं. ९५४/०६७/६८
Maharajgunj-3, Kathmandu, Phone No: 015908044/015906944

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : MASAR AL-URUBAH OPERATION AND MAINTENANCE COMPANY IS A ONE-PERSON COMPANY.

पूर्व स्वीकृति मिति २०७९/०९/२४ पुन विज्ञापन स्वीकृति मिति २०८०/०१/२४ LT. No. 279103 चलानी नं. ६०१९४६०४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Office and Facility Cleaning Worker | 25 | 0 | 1000 | ३४,८४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० जेठ ०१ गते (15th May. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Mansur Manpower Pvt.Ltd.**
Govt. License 1218/074/075
G.P.O. Box: 473 Sambhu Marg, Airport Manpower Bazar, Kathmandu Nepal
Mobile :9801101712, 9801101715, E-mail: saim.mansur2017@gmail.com,
mansur.manpower2017@gmail.com Website: www.mansurmanpower.com

## मलेशियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : TOP CENTRE ENGINEERING (M) SDN BHD

पूर्व स्वीकृति मिति २०८०/०१/२४ LT. No. 285556 चलानी नं. ६०२०१०३०

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 5 | 0 | 1500 | ४४,१८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : COMET BIOGREEN SDN BHD

पूर्व स्वीकृति मिति २०८०/०१/२४ LT. No. 285557 चलानी नं. ६०२०१०३१

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 10 | 0 | 1500 | ४४,१८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० जेठ ०१ गते (15th May. 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने / प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले दिने | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु.१,५०० कामदार आफैंले सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने : नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**B.GAS FOREIGN EMPLOYMENT PVT. LTD.**
श्रम ईजाजत नं. १४५५/०७४/०७५
Dhapasi-9, Basundhara Tole, Kathmandu,Tel: +997-1-4356889

## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : THRIVE SECURITY AND CLEANING SERVICES

पूर्व स्वीकृति मिति २०७९/१२/३० LT. No. 284739 चलानी नं. ६०१९९२३६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 50 | 0 | 1000 | ३५,५८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Security Guard | 50 | 0 | 1200 | ४२,७०० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: ईटहरी, खुकुरी होटलमा मिति: २०८० जेठ ०१ गते (15th May. 2023) मा हुनेछ भने संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० जेठ १/२ गते (15/16th May. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Kaushik Janashakti International Pvt. Ltd.**
श्रम ईजाजत नं. 330/059/60
Sinamangal-9, Tara Hall Chowk, Kathmandu, Nepal
Tel: 01-4592279 9818544314
Mobile: 9851005829,9851060649,9808059185,9849656061
Email : hrkaushikjanashakti@gmail.com
Website: www.kjinepal.com

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : IBRAHIM AL-JUAIB TRADING EST.DAMAM

पूर्व स्वीकृति मिति २०७९/१२/२४ LT. No.284362 चलानी नं. ६०२०१०१२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Upload and download operator | 2 | 0 | 2500 | ८७,०९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० जेठ ०१ गते (15th May. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | कामदार आफैंले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Job Placement Service Pvt. Ltd.**
श्रम ईजाजत नं. ४८९/०६१/०६२
Sinamangal Marga–09,Kathmandu, Nepal. Tel:+977-1-4110556, 5902348
E-mail: info@jplacement.com, dh.jobpspl@gmail.com, Website: www.jplacement.com

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ZAD-ALBAWADI COMPANY

पूर्व स्वीकृति मिति: २०८०/०१/२४ LT. No. 285165 चलानी नं. ६०२०१००५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Equipment Cleaner Labor | 5 | 0 | 1200 | ४१,८०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० जेठ ०१ गते (15th May. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**JERRY MANAGEMENT SYSTEM Pvt. Ltd.** Govt. License 1031/068/69
P.O.Box: 12235, Dhobhighat-4, Lalitpur. Tel: +977-1-5153487, Fax: 01-5524634
Web : www.jerryms.com, Email: jerryms03@gmail.com

## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : USAHA FADZILAT INDUSTRIES SDN BHD

पूर्व स्वीकृति मिति: २०८०/०१/२४ LT. No. 285592 चलानी नं. ६०२०१००३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 5 | 5 | 1500 | ४४,१८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० जेठ ०१ गते (15th May. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Jasmine Overseas Pvt. Ltd.**
श्रम ईजाजत नं.८७४/०६६/०६७
Basundhara, Dhapasi Chauki, Kathmandu,Nepal, Tel : +977-1-4365056, 4387950, 4389279

## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : ALTO FURNITURE TRADING SDN BHD

पूर्व स्वीकृति मिति २०७९/०८/०९ पुन विज्ञापन स्वीकृति मिति २०८०/०१/२४ LT. No. 275389 चलानी नं.६०१९६७७४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker (Manufacturing Sec.) | 25 | 0 | 1500 | ४४,१८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : NANYANG KOPITIAM HUP KEE

पूर्व स्वीकृति मिति २०७९/०६/२७ पुन विज्ञापन स्वीकृति मिति २०८०/०१/२४ LT. No. 273300 चलानी नं.६०१९३४८३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Restaurant Crew | 9 | 0 | 1500 | ४४,१८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : AGIG ENTERPRISE SDN BHD

पूर्व स्वीकृति मिति २०७९/०४/०४ पुन विज्ञापन स्वीकृति मिति २०८०/०१/२४ LT. No. 267640 चलानी नं.६०१८३५३५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker (Manufacturing Sec.) | 110 | 0 | 1500 | ४४,१८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : ST POLYFOAM INDUSTRIES SDN BHD

पूर्व स्वीकृति मिति २०७९/०४/२४ पुन विज्ञापन स्वीकृति मिति २०८०/०१/२४ LT. No. 269061 चलानी नं.६०१८४९७४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Worker | 50 | 0 | 1500 | ४४,१८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : SKY GOLDSMITH SDN BHD

पूर्व स्वीकृति मिति २०७९/०३/१९ पुन विज्ञापन स्वीकृति मिति २०८०/०१/२४ LT. No. 265969 चलानी नं.६०१८२३९४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker (Manufacturing Sec.) | 30 | 40 | 1500 | ४४,१८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० जेठ ०१ गते (15th May. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क:नि:शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Himalayan Human Resources Nepal Pvt. Ltd.**
श्रम ईजाजत नं. ४५१/०६०/०६१
Tokha-5, Basundhara Chowk, Nepal, Tel: 01-4354342,
Mob: 9803089086, 9823348542, 9841206595
E-mail : hrnhimalayan@gmail.com
Website : www.hrnhimalayan.com

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : SALEH MOHAMMED AL-Maris Carpet Wash EST.

पूर्व स्वीकृति मिति २०८०/०१/२४ LT. No. 285623 चलानी नं. ६०२०१००९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Carpet and Upholstery Worker | 3 | 0 | 1000 | ३४,८४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : MOHAMMED ABDULLAH AL-ROUDHAN & PARTNERS CO. LTD

पूर्व स्वीकृति मिति २०७९/११/२८ पुन विज्ञापन स्वीकृति मिति २०८०/०१/२४ LT. No. 282488 चलानी नं.६०१९७९७५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Truck Driver | 2 | 0 | 1900 | ६६,०७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० जेठ ०२ गते (16th May. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Honesty Overseas Pvt.Ltd.**
श्रम ईजाजत नं. १०००/०६८/०६९
Basundhara Chowk-8, Kathmandu, Nepal
Phone No.: +977-1-4364494, 4352243
Email : honestyoverseas@gmail.com,Web: www.honestyoverseas.com.np

प्रभाव दैनिक

रूपशाला

## ‘तिम्रो यादमा’ बोलको गजलमा योगेश काजी

तिम्रो यादमा बोलको गजलको भिडियो रिलिज गरिएको छ । मनोरथ कटेल ‘नन्दु’को शब्द रहेको गजलमा योगेश काजी शाहको स्वर रहेको छ । गायक स्वयमकै संगीत तथा एरेन्ज रहेको सार्वजनिक गजलले प्रेम वियोगमा एउटा प्रेमी मनले भोगेको विरहलाई केलाएको छ । पवन विकको मिक्सिङ र मास्टरिङ रहेको गजलमा गायक स्वयं नै फिचर्ड छन् । अनिल के मानन्धरको निर्देशनमा तयार भएको भिडियोको छायांकन निर्देशक स्वयमले गरेका हुन् भने भिडियोको सम्पादन दिनशन शाहले गरेका हुन् । अमेरिकामा रहेका गीतकार ‘नन्दु’का यसअघि आमा र कहाँ पुगे साथीभाई बोलका दुई वटा गीतहरू बजारमा आइसकेका छन् । गीतकार ‘नन्दु’ले गजलका अलावा, गीत, कविता लेख्न रूचाउँछन् ।



सोमबार, २५ वैशाख २०८० (Monday, May 8, 2023)

# अभिषेक, अंकिता र रोजलाई उपाधि



**काठमाडौं (प्रस)–** एएनपी मिडिया हाउसले राजधानीमा आयोजना गरेको ‘लिटिल स्टार नेपाल २०८०’ मा ‘सिनियर डान्स’तर्फ अभिषेक यादव, ‘जुनियर डान्स’तर्फ अंकिता सुनुवार र गायनतर्फ रोज तामाङले उपाधि जितेका छन् ।

चौथो संस्करणको प्रतियोगितामा ‘सिनियर डान्स’तर्फ अस्मी नेपाल ‘फस्ट रनरअप,’ रुबेन रसाइली ‘सेकेण्ड रनरअप,’ प्रिन्सिका कार्की ‘थर्ड रनरअप’ र ‘पब्लिक च्वाईस’ तथा अभिषेक यादव ‘मस्ट पपुलर’ भए । त्यस्तै ‘जुनियर डान्स’तर्फ यान्ना श्रेष्ठ ‘फस्ट रनरअप,’ ताकी राई ‘सेकेण्ड रनरअप,’ आलिया तामाङ ‘थर्ड रनरअप,’ निश्मा बस्नेत ‘पब्लिक च्वाइस’ र मानशी बस्नेत ‘मस्ट पपुलर’ भए ।

‘गायन’ तर्फ युमी राई ‘फस्ट रनरअप,’ अन्शु कार्की ‘सेकेण्ड रनरअप,’ प्रनेक अधिकारी ‘थर्ड रनरअप,’ दिपिशा कार्की ‘पब्लिक च्वाइस अवार्ड,’ र नुनुम्सा राई ‘मस्ट पपुलर अवार्ड’ बने । प्रतियोगितामा गायनतर्फ विनोद ढकाल, रमेश पाठक र नृत्यतर्फ तुलसा कटुवाल र सरिता शाह निर्णायक थिए । एएनपीका सिइओ लवबहादुर कार्कीले बालबालिकाहरूको व्यक्तित्व विकास, आत्मविश्वास अभिवृद्धि, अन्तर्निहित क्षमता उजागर, प्रतियोगीको प्रतिभा प्रस्फुटन, उच्च शिक्षा अध्ययनमा सहयोग पुर्याउने तथा नेतृत्वदायी क्षमताको विकास गर्दै उज्ज्वल भविष्य निर्माणमा प्रतियोगिता आयोजना गरिएको बताए ।

# ‘चलचित्र र क्यानभास’ आपसी सम्बन्धित विधा

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाल ललितकला प्रज्ञा प्रतिष्ठान तथा नेपाल चलचित्र तथा सांस्कृतिक प्रतिष्ठानको आयोजनामा आइतबार ‘चलचित्र र क्यानभास’ आपसी सम्बन्धका विषमा परिचर्चा गरिएको छ ।

अग्रज चलचित्रकर्मी नीर शाहले क्यानभास आफैँमा अनेक थरी अर्थ बोकेको वस्तु भएको बताए । रङविहीन हुनु पनि एउटा रङ हो भन्दै उनले प्रत्येक रङको एक किसिमको प्रतीकात्मक बुझाइ हुने बताए ।

उनले चलचित्रकर्मीले रङलाई कोरा रङकै रूपमा मात्र बुझ्न नहुने भएकाले चलचित्र र रङबीच प्रगाढ सम्बन्ध रहेको बताए । ‘प्रत्येक चित्रकारले कोरेका चित्रहरू सल्बलाउन थाले भने अथवा बोल्न थाले भने त्यो चलचित्र बन्छ,’ उनले थपे । नेपाल ललितकला प्रज्ञा प्रतिष्ठानका कुलपति नारदमणि हार्तम्छालीले ‘चित्रकलामा चलचित्र र चलचित्रमा चित्रकला’ विषयमा आफ्नो धारणा राखे । उनले यस कार्यक्रमपछि आफू पुनः जागृत भएर चित्र रचना गर्नेतर्फ अग्रसर हुने बताए ।

नेपाल ललितकला प्रज्ञा प्रतिष्ठानका सदस्यसचिव देवेन्द्रकुमार काफ्ले ‘थुम्केली’ले चलचित्रलाई साहित्य, कला र सङ्गीतको समुच्च विधाका रूपमा व्याख्या गरे । उनले भने, ‘यो विधामा ललितकलाको पनि उपस्थिति रहेको हुन्छ, तर यसमा त्यति बहस भएको देखिन्न, त्यसैलाई सम्बोधन गर्न हामीले यस कार्यक्रम गरेका हौं ।’ उनले आगामी दिनमा चलचित्रमा ललितकलाका विषयलाई पनि समेट्न आग्रह गरे ।नेपाल चलचित्र तथा सांस्कृतिक प्रतिष्ठानका अध्यक्ष केपी पाठकले चलचित्रलाई फराकिलो दायरामा लैजानुपर्ने आवश्यकता औंल्याए । उनले भने, ‘चलचित्र सिरियस जब हो, चलचित्रले सम्पूर्ण विधालाई समेट्न सक्छ, त्यसलाई प्रस्तुत गर्न सक्छ, वास्तु, रङ्ग, कला इत्यादिमार्फत हामी ललितकलासँग जोडिएका हुन्छौं, त्यसलाई बुझेर प्रयोग गर्न सके चलचित्र अझ मजबुत बनाउन सकिन्छ ।’ उनले आगामी दिनमा पनि यस विषयमा बहस जरुरी रहेको बताए ।

छायाँकार दीपक बज्राचार्यले चलचित्रको एलिमेन्ट्स र चित्रमा प्रयोग गर्ने एलिमेन्ट्स मिल्ने बताए । उनले रङ हार्मोनीमा चलचित्रकर्मीले काम गर्न नसकेको बताए । चलचित्र निर्देशक रक्षा सिंह राणाले क्यानभासलाई आफूले एउटा भिजन भनेर बुझ्ने बताए । उनले आर्टिस्टले क्यानभासमा जे गर्नुहुन्छ चलचित्रमा गर्ने त्यही भएको तर माध्यम मात्र फरक हो भने । कलाकार अशोकमान सिंहले रङ आफैँमा संवेदनशील हुने बताए । उनले हरेक रङले जीवनमा प्रभाव पारिरहेको धारणा राखे । रङ्ग संयोजक कपिल पराजुलीले इलेक्ट्रिकल्ली जेनेरेटेड कलर र प्राकृतिक कलर मिलाउन खोज्दा गाह्रो हुने गरेको धारणा राखे । उनले चित्रकलालाई नाङ्गो आँखाले हेर्न सकिने भए पनि चलचित्र त्यस्तो नभएको प्रतिक्रिया दिए ।

कला निर्देशक निर्जल श्रेष्ठले क्यानभासै क्यानभासको संयोजन नै चलचित्र भएको बताए । उनले भने, ‘क्यानभास चल्दैन, चलचित्र चल्छ । क्यानभासले मुलुकको वैभवता, सभ्याता र संस्कृति देखाउँछ ।’

# दीप र शक्तिलाई भक्तराज आचार्य राष्ट्रिय सम्मान



■ प्रभाव संवाददाता

**काठमाडौं–** सिटी एक्सप्रेस मनी ट्रान्सफर र भक्तराज आचार्य संगीत प्रतिष्ठानको संयुक्त सहकार्यमा यही २०८० बैशाख २३ गते “भक्तराज आचार्य राष्ट्रिय संगीत सम्मान २०७९” प्रदान गरियो । सो सम्मान गायनतर्फ बरिष्ठ गायक तथा संगीतकार दीप श्रेष्ठ र संगीततर्फ बरिष्ठ संगीतकार शक्ति बल्लभलाई जनही नगद पुरस्कार रु ५०,००१ सहित प्रदान गरिएको छ ।

कार्यक्रममा ‘सुशीला आचार्य सु-स्वास्थ्य कामना सम्मान’ युवा तबलाबादक बिपी सिंहलाई प्रदान गरिएको छ । २५ हजार रूपैयाँ राशिको यो सम्मान सांगीतिक क्षेत्रमा कृयाशिल स्वास्थ्योपचार गराइरहेका संगीतकर्मीलाई अघिल्लो वर्षदेखि प्रदान गर्न थालिएको हो ।

भक्तराज आचार्य संगीत प्रतिष्ठानका संरक्षक गायक तथा संगीतकार भजन शिरोमणि भक्तराज आचार्य, प्रतिष्ठानकी अध्यक्ष सुशिला आचार्य र सिटी एक्सप्रेस मनी ट्रान्सफरका प्रबन्ध निर्देशक चन्द्र टण्डनले संयुक्त रूपमा यो सम्मान प्रदान गरेका थिए ।

भक्तराज आचार्य संगीत प्रतिष्ठानले विगत केहि बर्ष यता देखि संगीत र कलाको क्षेत्रमा महत्वपुर्ण योगदान पुऱ्याउँदै आएको र सिटी एक्सप्रेसले सामाजिक उत्तरदायित्व अन्तर्गत भक्तराज आचार्य संगीत प्रतिष्ठानलाई साथ दिदैं आएको छ ।

सिटी एक्सप्रेसले रेमिटान्स क्षेत्रमा आफ्नो छुट्टै पहिचान बनाउदै बिगत १६ वर्ष देखि संसारभरबाट विप्रेषण सेवा प्रदान गर्दै आइरहेको छ । आन्तरिक विप्रेषण अन्तर्गत सिटी एक्सप्रेसका देशभर छरिएर रहेका १५,००० भन्दा बढि भुक्तानी केन्द्रहरू मार्फत छिटो, सहज र सुरक्षित तरिकाले भुक्तानी प्रदान गर्ने, कुनै पनि बैंकको खातामा रकम जम्मा गर्ने र मोबाईल वालेटमा लोड गर्न सकिने जस्ता सुविधाहरू प्रदान गर्दै आइरहेको छ ।


**Godawari Municipality**
**Office of Municipal Executive**
**Attariya, Kailali**
**Sudurpaschim Province, Nepal**

**Addendum No.01**

**Addendum Publication Date : 2080/01/25(2023/05/08**

This is in reference to the notice published on April 12, 2023 for Construction Work of Administration Building of Ward Office at Ward no: 04 (Contract Identification No:- GM/NCB/W/13/2079/80) It is to inform all bidders that has been amended as across the bidding document. All the potential bidders are informed to use addendum. For More Detail Please Visit website www.bolpatra.gov.np/egp


रंगशाला

# पिटर र तारालाई ‘हिमालयन एक्सट्रिम ट्रायथलन’को उपाधि



■ प्रभाव संवाददाता

**पोखरा–** विश्वकै कठिन मध्येमा मानिने हिमालयन एक्स्ट्राई वर्ल्ड टुर एक्सट्रिम ट्रायथलनको उपाधि पुरुषतर्फ चेक रिपब्लिकका पिटर भाब्रोसेक र महिलातर्फ अमेरिकाकी तारा मिराण्डा पार्सोन्सले जितेका छन् । शनिबार विहान पोखराको फेवातालमा पौडीबाट सुरु भएको सो प्रतियोगिता आइतबार विहान कास्कीको माछापुच्छ्रे गाउँपालिका–८ ल्वाङमा आएर समापन भएको हो ।

पुरुषतर्फ च्याम्पियन भएका पिटरले फेवातालमा तीन किमी ८०० मिटर पौडी, १७५ किमी साइक्लिङ र ४३ किमी दौड १६ घण्टा ५१ मिनेट १९ सेकेण्डमा पूरा गरेका हुन् ।

यसैगरी पुरुषतर्फ नै इटालीका जिओभानी बोर्टोलासोले निर्धारित दूरी १७ घण्टा ५८ मिनेट आठ सेकेण्डमा पार गरी दोश्रो हुदा रसियाका इलिया बब्लिकले निर्धारित दूरी पूरा गर्न १८ घण्टा ३४ मिनेट १२ सेकेण्ड समय लगाउँदै तेश्रो हुन सफल भए । महिलातर्फको उपाधि बिजेता मिराण्डाले निर्धारित दूरी पार गर्न १८ घण्टा २० मिनेट ५४ सेकेण्ड समय लगाइन् । महिलातर्फ फ्रान्सकी बेनेडिक्ट पेरोनले १९ घण्टा ४९ मिनेट १९ सेकेण्डममा तोकिएको दूरी पार गर्दै दोश्रो तथा चेक रिपब्लिककी भेरोनिका मर्चेन्टले २४ घण्टा २८ मिनेट २५ सेकेण्ड समय लगाउँदै तेश्रो भइन् ।

प्रतियोगितामा २२ देशका ३६ खेलाडी प्रतिस्पर्धा गरेको आयोजक हिमालयन एक्सट्राई नेपालका रेस डाइरेक्टर रिक्की योन्जनले जानकारी दिए । उनका अनुसार २७ जनाले दौड पुरा गरेका छन् । सहभागि पाँच महिला मध्ये ३ जनाले दौड पुरा गरे । प्रतियोगिहरूले फेवातालमा पौडीको प्रतिस्पर्धा सम्पन्न गरेपछि १७५ किमी साइकल दौड सुरु गरेका थिए । पोखराको लेकसाईडबाट सुरु भएको साइकल दौड सराङकोट, लुम्ले, नयाँपुल, कुश्मा हुँदै बागलुङ पुगेर त्यहाँबाट पुनः फर्किएर कुश्मा, नयाँपुल हुँदै कास्कीको अन्नपूर्ण गाउँपालिका काँडेमा आएर साइक्लिङ सम्पन्न भएको थियो ।

त्यसपछि ४३ किमी लामो दौड सुरु भएको थियो । काँडेबाट सुरु भएको दौड अस्ट्रेलियन क्याम्प, देउराली, हाइ–क्याम्प, लोक्याम्प, मर्दी हिमाल भ्यू पोइन्ट (४३०० मिटर) छोएर सोही बाटो हुँदै फर्किएर माछापुच्छे गाउँपालिकाको ल्वाङमा समापन भएको योन्जनले बताए ।

विजेता खेलाडीहरूलाई राष्ट्रिय खेलकुद परिषदका सदस्य सचिव टंकलाल घिसिङ, नेपाल ट्र्याथलन संघका अध्यक्ष निलेन्द्रराज श्रेष्ठ, गण्डकी प्रदेशका पूर्व सांसद दिपक कोइरालालगायतले मेडल तथा प्रमाणपत्र वितरण गरेका थिए । सो अवसरमा बोल्दै सदस्य सचिव घिसिङले यस्ता प्रतियोगिताले नेपाललाई अन्तर्राष्ट्रिय खेलकुदको गनत्व्य बनाउन सहज हुने बताए । उनले भने, ‘नेपाल आफैमा सहाशिक खेलकुदको गन्तव्य हो । यसको उचित प्रचार प्रसार गरी स्थानिय, प्रदेश र संघिय सरकार मिलेर खेलकुदको विकासका लागि अघि बढ्न राखेपले सहजीकरणको भूमिका खेल्नेछ ।’


**बेलौरी नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**बेलौरी, कञ्चनपुर**
**सुदुरपश्चिम प्रदेश, नेपाल**

**आर्थिक प्रस्ताव खोल्ने सम्बन्धी सूचना**

**प्रथम पटक प्रकाशित मिति : २०८०/०१/२५**

उपरोक्त विषयमा यस नगरपालिका अन्तर्गत तपसिलको आयोजनाको लागि www.bolpatra.gov.np को Egp system मा Submission भएका निम्नानुसार बोलपत्रहरूको प्राविधिक प्रस्तावहरूको मूल्याङ्कन हुँदा तपसिल अनुसारका बोलपत्रहरू सारभूत रूपमा प्रभावग्राही तथा योग्यताका सबै आधारमा सफल भएकोले सार्वजनिक खरिद नियमावली, २०६४को नियम ३१ (ङ) ४ र ५ बमोजिम तपसिलको मिति र स्थानमा आर्थिक प्रस्ताव खोलिने भएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| सूचना प्रकाशित मिति | आयोजनाको नाम | ठेक्का संकेत नं. | सारभुतरूपमा प्रभावग्राही तथा योग्यताका सबै आधारमा सफल वोलपत्रदाताहरू | आर्थिक प्रस्ताव खोलिने मिति समय र स्थान |
|---|---|---|---|---|
| २०७९/१२/०९ आर्थिक दैनिक | *Construction of Ring Road Section in ward 5-4-3-1 & 2 in Belauri Municipality,* | *BELMUN/ NCB/W/079/ 080-09* | *Amrit Construction Bedkot-07 Kanchanpur, Sudoor Pachism Province* | **मिति** : २०८०/०२/०१ गते<br>**समय** : १४:०० बजे,<br>**स्थान** : बेलौरी नगरपालिका कार्यालय कञ्चनपुर |

# नेपाली युवाको कम्पनीलाई अमेरिकी राष्ट्रपतिको सम्मान



■ मधुकर अधिकारी

**वासिङ्टन–** अमेरिकी राष्ट्रपति जो वाइडेनले अमेरिकामा नेपाली युवाले सञ्चालन गरिरहेको कम्पनी साइनसिक्सलाई अवार्ड प्रदान गरेका छन् । अमेरिकी राष्ट्रपतिको कार्यालय ह्वाइटहाउसमा यही मे १ मा आयोजित समारोहमा नेपाली मूलका डा. राज के भण्डारी र श्रद्धा पौडेलले संयुक्तरूपमा सञ्चालनमा ल्याएको साइनसिक्स कम्पनीलाई राष्ट्रपति वाइडेनले सम्मान गरेका हुन् ।

साइनसिक्सलाई अमेरिकाको 'स्मल विजनेस एड्मिनिस्ट्रेसन'ले 'एक्सपोर्टर अफ दि इयर २०२३' अवार्डबाट सम्मानित गरेको थियो । अमेरिकी राष्ट्रपतिको कार्यालय ह्वाइटहाउसमा आयोजित एक कार्यक्रममा राष्ट्रपति वाइडेनले सो अवार्ड प्रदान गरेका थिए । सन् १९८५ मा स्थापना भएको उक्त कम्पनीको स्वामित्व भण्डारी र पौडेल समूहले सन् २०२१ मा ग्रहण गरेको थियो । हाल उक्त कम्पनीमा २६ जना कर्मचारी कार्यरत छन् । यो अवार्ड नेपाली मूलका अमेरिकीलाई पहिलोपटक प्रदान गरिएको हो ।

अमेरिकामा साना तथा मझौला उद्योग तथा व्यवसायका रूपमा सञ्चालनमा आएका करिब तीन करोड ३१ लाख ८५ हजार कम्पनी रहेको तथ्यांक छ । यस्ता साना व्यवसायीले छ करोड १७ लाख जनालाई रोजगारी दिएका छन् । कम्पनीको पुँजी र रोजगारीका आधारमा साना तथा मझौला उद्योगका रूपमा वर्गीकरण गर्ने गरिन्छ ।

अमेरिकाको मिनासोटा राज्यमा कारखाना र साउथ क्यारोलिनामा रहेको प्रशासनिक भवनबाट सञ्चालित हुँदै आएको उक्त कम्पनीको अध्यक्ष डा. भण्डारी छन् भने श्रद्धाले 'एडभाइजर टु दि प्रेसिन्डेन्ट' र 'मेन्टर' को जिम्मेवारी सम्हाल्छिन् । साउथ डकोटा स्टेट् युनिभर्सिटीबाट विद्यावारिधि गरेका भण्डारीले हार्डवर्ड स्कूल अफ पब्लिक हेल्थमा अनुसन्धान सहयोगीका रूपमा एक वर्ष कामसमेत गरेका थिए ।

अवार्ड प्राप्त गरेपछि भण्डारी र पौडेलले ह्वाइटहाउसले व्यवसायीका रूपमा गरेको सम्मानबाट पहिलो नेपाली अमेरिकी बन्न पाउँदा आफ्नो कामले सफलता चुमेको टिप्पणी गरे । अमेरिकी राष्ट्रपति वाइडेन र उपराष्ट्रपति कमला हयारिसको उपस्थितिमा सो समूह सम्मानित भएको थियो । 'यस्तो अवार्ड प्राप्त गर्नु मेरा लागि गौरवको क्षण हो, यो मेरो र श्रद्धाका लागि जीवनकै महत्त्वपूर्ण समय हो,' पौडेलले भनिन् ।

'भेटका क्रममा राष्ट्रपति वाइडेनसँग केही संवाद पनि भयो । उहाँसँग मैले म नेपालबाट आएको एक आप्रवासी हुँ र मैले अमेरिकी सपनालाई पछ्याउँदै आएको छु भनेँ, राष्ट्रपति वाइडेनले नेपालका बारेमा जान्दछु भन्नुभयो,' उनले भनिन् ।

राष्ट्रपति वाइडेनले आप्रवासीले अमेरिकी भूमिमा रोजगारी सिर्जना गर्नुका साथै व्यवसाय विस्तारमा महत्त्वपूर्ण भूमिका खेलेको भन्दै प्रशंसा गरेका पनि उनले जानकारी दिए । त्यस अवसरमा उपराष्ट्रपति कमला हयारिसले पनि आफूहरूलाई हौसला प्रदान गरेका जानकारी दिँदै आप्रवासीको सफलताको कथाले आफूलाई खुसी बनाएको बताएका भण्डारीले बताए ।

कास्की जिल्लाको लामाचौरमा जन्मिएका भण्डारी सन् २००४ मा र श्रद्धा सन् २००५ मा विद्यार्थी भिसामा अमेरिका आएका हुन् । १८ वर्ष अमेरिकामा बसेर प्रविधिमा आधारित उत्पादन र वितरणसँग जोडिएर काम गर्दा आफूहरूले यो सफलता हासिल गरेको उनीहरूको भनाइ छ । यो नेपाली मूलकालाई मात्र नभएर सम्पूर्ण आप्रवासीका लागि पनि एउटा प्रेरणादायी क्षण भएको उनीहरूको भनाइ छ । *रासस*

# चीनको संशोधित प्रतिजासुसी कानुनबारे चिन्ता

**बेइजिङ–** चीनका लागि अमेरिकी राजदूत निकोलस बर्न्सले बेइजिङलाई नयाँ-संशोधित प्रतिजासुसी कानुनलाई स्पष्ट पार्न आग्रह गरेका छन् ।

संशोधित कानुनले अमेरिकी व्यवसायी, शिक्षाविद् र पत्रकारहरूको केही सामान्य कार्यलाई समेत अवैध बनाउन सक्ने उनको बुझाइरहेको एसिया टाइम्सले उल्लेख गरेको छ ।

नेसनल पिपुल्स कंग्रेसको स्थायी समितिले गत अप्रिल २६ मा चीनको जासुसी विरोधी कानुनलाई बलियो बनाउन थप संशोधन पारित गरेको थियो । संशोधित कानुन जुलाई १ देखि लागू हुनेछ । एसिया टाइम्सका अनुसार अपराधीहरूको परिभाषालाई जासुसी संगठनबाट 'सामेल हुने वा कार्यहरू स्वीकार गर्ने 'व्यक्तिबाट 'शरण लिने 'व्यक्तिहरूसम्म विस्तार गरिनेछ । यसैगरी 'राज्य गोप्य र खुफिया'बाट अन्य कागजातहरू, डेटा, सामग्री र राष्ट्रिय सुरक्षा र स्वार्थसँग सम्बन्धित वस्तुहरूको अनुसन्धानको दायरालाई पनि विस्तारित गरिनेछ ।

द स्टिमसन सेन्टरद्वारा आयोजित वेबिनारको क्रममा राजदूत बर्न्सले मंगलबार वासिङ्टनमा रहेको थिंक टयांकबीच भनेका छन्, 'यो एउटा कानुन हो जसले सम्भावित रूपमा चीनमा व्यवसायीहरूको गतिविधिहरूलाई अवैध बनाउन सक्छ । हामीले यसबारे थप जान्न आवश्यक छ त्यसैले हामी यहाँ बेइजिङमा प्रश्नहरू सोधिरहेका छौं ।'

त्यसैगरी राजदूत बर्न्सले अमेरिकी फर्महरूले ठूला लगानी सम्झौताहरूमा सहमत हुनुअघि उचित सजगता पुऱ्याउनु आवश्यक रहेको भन्दै आर्थिक डेटामा पूर्ण पहुँच हुनु आवश्यक रहेको बताएका छन् ।

'कानुनले सम्भवत: शैक्षिक अनुसन्धानमा बाधा पुऱ्याउन सक्छ । प्रोफेसर र पत्रकारहरू यसमा संलग्न हुन सक्छन्,' राजदूतको टिप्पणी छ ।

*रासस/एएनआई*


## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : MABDE TRADING (L.L.C)

पूर्व स्वीकृति मिति २०८०/०१/२४ LT. No.285635 चलानी नं.६०२०१०३२

| सि.नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | AED | ने.रू. | | | | | | | |
| 1 | Cleaner | 50 | 0 | 900 | ३२,०२५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Helper | 100 | 50 | 900 | ३२,०२५ | | | | | | | |
| 3 | Kitchen Helper | 20 | 0 | 900 | ३२,०२५ | | | | | | | |
| 4 | Porter | 30 | 0 | 900 | ३२,०२५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० जेठ ०१ गते (15th May. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: निःशुल्क कामदार आफैंले **सेवा शुल्क: निःशुल्क**

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Green Tara International Overseas Services Pvt. Ltd.** श्रम ईजाजत नं. १०१८/०६८/०६९

Damodar Marga,Jawalakhel, Lalitpur, Tel: +977-015442013/14

Email: greentara.overseas@gmail.com, Website : www.greentaraintl.com



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : CK NOBLE ENTERPRISE SDN.BHD.

पूर्व स्वीकृति मिति २०७९/०४/१५ पुन विज्ञापन स्वीकृति मिति २०८०/०१/२४ LT. No. 268324 चलानी नं. ६०१८४२०६

| सि.नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | RM | ने.रू. | | | | | | | |
| 1 | Manufacturing | 20 | 0 | 1500 | ४४,१८० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० जेठ ०१ गते (15th May. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: निःशुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Ever Bright Overseas Pvt.Ltd.**

श्रम इजाजत नं. १४६५/०७४/०७५

Manpower Bazar, Sinamangal–09 Kathmandu, Nepal,Pho No: 9861596041, 9813467879, 9841702553, 9851177708

Email:everbrightoverseas2018@gmail.com, Web:www.everbrightoverseas.com



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AL MARASY FOUNDATION FOR GENERAL CONTRACTING

पूर्व स्वीकृति मिति २०७९/११/१९ पुन विज्ञापन स्वीकृति मिति २०८०/०१/२४ LT. No. 281830 चलानी नं. ६०१९७४७६

| सि.नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | SR | ने.रू. | | | | | | | |
| 1 | Normal Labor | 2 | 0 | 1000 | ३४,८४० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० जेठ ०१ गते (15th May. 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कस ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने /प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | कामदार आफैंले | रु.७००/- कामदार आफैंले | रोजगारदाताले दिने |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु.१,५०० कामदार आफैंले सेवा शुल्क: निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**CENTRAL CAPITAL SERVICES PVT.LTD.** श्रम ईजाजत नं. ५७४/०६२/०६३

P.O.Box : 6407, Airport, Sinamangal, Kathmandu, Nepal. Tel : +977-1-4479491/4479492

Fax : +977-1-4479492, E-mail : info@centralcapitalservices.com, Web : www.centralcapitalservices.com



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : MILES SPEED COMPANY FOR LOGISTICS SERVICES

पूर्व स्वीकृति मिति : २०८०/०१/२४ LT. No. 285612 चलानी नं. ६०२०१०१०

| सि.नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | SR | ने.रू. | | | | | | | |
| 1 | FURNITURE ASSEMBLER | 10 | 0 | 1000 | ३४,८४० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० जेठ ०१ गते (15th May. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Career International Services (P.) Ltd.**

धुम्बाराही, पिपलबोट, काठमाडौं, फोन : ४००९६४१, ४००९६४३

Email : info@career-intl.com, Website : www.career-intl.com

License No. : 646/063/064



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : CONGEE RICE NOODLE RESTAURANT

पूर्व स्वीकृति मिति २०८०/०१/०६ LT No :285053 चलानी नं. ६०२००९८०

| सि.नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | RM | ने.रू. | | | | | | | |
| 1 | Chef | 6 | 0 | 1500 | ४४,१८० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० जेठ ०१ गते (15th May. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले | दिने | रोजगारदाता कम्पनीले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | निःशुल्क | रु.७००/- रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५०० कामदार आफैले सेवा शुल्क: निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**B.M. Overseas Pvt. Ltd.**

श्रम ईजाजत नं. ३८५/०५९/०६०

Bijuli Bazar, New Baneshwor, KTM, Tel: +977-1- 4780292

E-mail: info@bmoverseas.com Website : www.bmoverseas.com



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : BUKIT HIJAU SECURITY SDN BHD

पूर्व स्वीकृति मिति २०८०/०१/२४ LT. No. 285534 चलानी नं. ६०२०१०१३

| सि.नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | RM | ने.रू. | | | | | | | |
| 1 | Security Guard | 20 | 0 | 1500 | ४४,१८० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० जेठ ०१ गते (15th May. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क: निःशुल्क/-**

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**MERIDIAN OVERSEAS PVT. LTD.** श्रम ईजाजत नं. ६१३/०६२/०६३

Basundhara, Kathmandu, Nepal. Tel. : +977-1-4390463,4390464, Fax No: +977-1-4390465



## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : MOWHIAB AL MESTEKBEL CLEANING AND TECHNICAL SERVICES

पूर्व स्वीकृति मिति : २०८०/०१/२४ LT. No. :285608 चलानी नं. ६०२०१००२

| सि.नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | AED | ने.रू. | | | | | | | |
| 1 | Cleaner | 0 | 22 | 1000 | ३५,५८५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० जेठ ०१ गते (15th May. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**APPOLO OVERSEAS SERVICES (P) LTD.**

G.P.O. Box: 25038, Samakhushi,Townplanning, KTM

Tel : +977-1-4363648, 4364403

Email: appolooverseas111@gmail.com

Govt. License 586/062/063

www.appolooverseas.com



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ARABIAN CONSOLIDATED INDUSTRIAL CLEANING SERVICES CO. (TANDHEEF)

पूर्व स्वीकृति मिति २०७९/११/२८ पुन विज्ञापन स्वीकृति मिति २०८०/०१/२४ LT. No. :282430 चलानी नं. ६०१९७९१७

| सि.नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | SR | ने.रू. | | | | | | | |
| 1 | Construction Worker | 13 | 0 | 1000 | ३४,८४० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० जेठ ०१ गते (15th May. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**All Asia Overseas Pvt.Ltd**

श्रम ईजाजत नं. १३०५/०७४/०७५

Santinagar Chowk, Kareshwor Marga, New Baneshwor-31, Kathmandu, Nepal

Phone +977-01-4621975, 4621918 E-mail : info@allasiaoverseas.com



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ARTISAN CRAFT FOOD TRADING CO

पूर्व स्वीकृति मिति २०७९/१०/०९ पुन विज्ञापन स्वीकृति मिति २०८०/०१/२४ LT. No. 279833 चलानी नं. ६०१९५५१५

| सि.नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | SR | ने.रू. | | | | | | | |
| 1 | Cook | 1 | 0 | 1400 | ४८,५३० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |

कम्पनी : NATIONAL FOOD COMPANY FOR SERVING MEALS

पूर्व स्वीकृति मिति २०७९/०३/१० पुन विज्ञापन स्वीकृति मिति २०८०/०१/२४ LT. No. 265846 चलानी नं. ६०१८१६८४

| सि.नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | SR | ने.रू. | | | | | | | |
| 1 | Factor | 5 | 0 | 1000 | ३४,८४० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |

कम्पनी : SALEH MOHAMMED SALEH AL-MALAQ ESTABLISHMENT TO SERVE DRINKS

पूर्व स्वीकृति मिति २०७९/१०/०९ पुन विज्ञापन स्वीकृति मिति २०८०/०१/२४ LT. No. 279977 चलानी नं. ६०१९५५१३

| सि.नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | SR | ने.रू. | | | | | | | |
| 1 | Kitchen Worker | 6 | 0 | 1200 | ४१,८०५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |

कम्पनी : AL RAWABI AGRICULTURAL COMPANY

पूर्व स्वीकृति मिति : २०८०/०१/२४ LT. No. 285609 चलानी नं. ६०२०१०१६

| सि.नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | SR | ने.रू. | | | | | | | |
| 1 | Laborer | 5 | 0 | 1200 | ४१,८०५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |

कम्पनी : EXPRESS FOOD COMPANY LIMITED

पूर्व स्वीकृति मिति २०७९/०७/२३ पुन विज्ञापन स्वीकृति मिति २०८०/०१/२४ LT. No. 275230 चलानी नं. ६०१९१५०१

| सि.नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | SR | ने.रू. | | | | | | | |
| 1 | Kitchen Worker | 5 | 0 | 1000 | ३४,८४० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |

कम्पनी : AL RAWABI AGRICULTURAL COMPANY

पूर्व स्वीकृति मिति २०७८/११/१२ पुन विज्ञापन स्वीकृति मिति २०८०/०१/२४ LT. No. 257766 चलानी नं. ६०१६८२७१

| सि.नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | SR | ने.रू. | | | | | | | |
| 1 | Labourer | 3 | 0 | 1200 | ४१,८०५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० जेठ ०१ गते (15th May. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:१०,०००/-**

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Al Kausar Human Resource Pvt.Ltd.** (Makawanpur Overseas Pvt. Ltd.)

श्रम ईजाजत नं.११४२/०७३/०७४ Gairigaun - Tinkune, Kathmandu, Nepal Tel: +977 1 4442794, E-mail : alkausar.hrm@gmail.com

प्रभाव दैनिक National Daily

# अर्थ बजार

**आजको मूल्य**

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला - ११०६०० | प्रति तोला - ११००५० | प्रति तोला - १४४५ |

## बजेटका सिद्धान्त र प्राथमिकता

# संकटउन्मुख अर्थतन्त्रको सुधारमा केन्द्रित



'सरकारी, निजी र सहकारी क्षेत्रको लगानीको प्रभावकारिता वृद्धि गरी उत्पादनमुखी अर्थतन्त्रको आधार निर्माण गर्नेतर्फ बजेट केन्द्रित हुनेछ । अर्थतन्त्रलाई गतिशील बनाई दिगो, फराकिलो एवं समावेशी आर्थिक वृद्धि र समष्टिगत आर्थिक स्थायित्व कायम गर्न वित्त नीति र मौद्रिक नीतिबीच तादम्यता कायम गरिनेछ ।'

■ प्रभाव संवाददाता

**काठमाडौं-** सरकारले विनियोजन विधेयक, २०८० का सिद्धान्त र प्राथमिकता संसद्मा प्रस्तुत गरेको छ । अर्थमन्त्री डा. प्रकाशशरण महतले प्रतिनिधिसभा र राष्ट्रियसभाका छुट्टाछुट्टै बैठकमा बजेटका सिद्धान्त तथा प्राथमिकता प्रस्तुत गरेका हुन् । आगामी आर्थिक वर्षको बजेटका सिद्धान्त र प्राथमिकताले अहिले संकटउन्मुख रहेको अर्थतन्त्र सुधारलाई केन्द्रमा राखेको छ ।

आगामी आर्थिक वर्षको बजेट दिगो, फराकिलो एवं समावेशी आर्थिक वृद्धि हासिल गर्ने, रोजगारीका अवसर बढाउने, सुशासन प्रवर्द्धनमा केन्द्रित हुने, सेवा प्रवाहमा सुधार तथा स्रोत साधनको प्रभावकारी परिचालनलाई प्राथमिकतामा राख्नेतर्फ लक्षित हुने अर्थमन्त्री महतले बताए ।

सरकारले दिगो, फराकिलो एवं समावेशी आर्थिक वृद्धि र समष्टिगत आर्थिक स्थायित्वलाई आगामी आर्थिक वर्षको बजेटको पहिलो सिद्धान्तका रूपमा राखेको छ । 'सरकारी, निजी र सहकारी क्षेत्रको लगानीको प्रभावकारिता वृद्धि गरी उत्पादनमुखी अर्थतन्त्रको आधार निर्माण गर्नेतर्फ बजेट केन्द्रित हुनेछ,' बजेटका सिद्धान्त र प्राथमिकतामा भनिएको छ, 'अर्थतन्त्रलाई गतिशील बनाई दिगो, फराकिलो एवं समावेशी आर्थिक वृद्धि र समष्टिगत आर्थिक स्थायित्व कायम गर्न वित्त नीति र मौद्रिक नीतिबीच तादम्यता कायम गरिनेछ । वित्त घाटालाई वाञ्छित सीमाभित्र राखिनेछ ।'

सामाजिक क्षेत्रको विकास र सामाजिक न्यायलाई पनि बजेटको सिद्धान्तमा राखिएको छ । संविधानले प्रत्याभूत गरेको गुणस्तरीय शिक्षा, स्वास्थ्य र खानेपानी सुविधालाई सहज रूपमा उपलब्ध गराउने नीति सरकारले लिएको छ । दिगो विकास र जलवायु परिवर्तनको विषयलाई केन्द्रमा राखेर सन् २०३० सम्ममा दिगो विकास लक्ष्य हासिल गर्नेतर्फ बजेट निर्देशित हुने अर्थमन्त्री महतले भने । जलवायु परिवर्तनको असर न्यूनीकरण र अनुकूलनका कार्यक्रमलाई आयोजनाको प्रारम्भिक चरणबाटै समावेश गर्दै जाने जनाइएको छ ।

त्यसैगरी, सङ्घीयताको सबलीकरणको विषय पनि आगामी आर्थिक वर्षको बजेटको निर्देशक सिद्धान्तका रूपमा राखिएको छ । निजी क्षेत्रलाई आर्थिक वृद्धिको संवाहकका रूपमा विकास गरी मनोबल बढाउनतर्फ बजेट केन्द्रित हुने जनाइएको छ ।

'लगानीमैत्री वातावरण सिर्जना गरी आर्थिक वृद्धि र रोजगारी सिर्जना गर्न निजी क्षेत्रको भूमिकालाई सबल बनाइनेछ । नीतिगत स्थिरता, व्यवसायमैत्री नीति र प्रक्रिया सरलीकरण गरी स्वदेशी तथा विदेशी लगानी आकर्षित गरिनेछ,' बजेटका सिद्धान्त र प्राथमिकतामा भनिएको छ ।

त्यस्तै, सुशासन प्रवर्द्धन र सेवा प्रवाहमा सुधारलाई पनि सरकारले आगामी आर्थिक वर्षको बजेटको सिद्धान्तका रूपमा राखेको छ । 'भ्रष्टाचारविरुद्ध शून्य सहनशीलताको नीति लिइनेछ । नागरिकलाई प्रदान गर्ने सेवाको पहुँच र गुणस्तर वृद्धि गरिनेछ,' बजेटको सिद्धान्त, प्राथमिकतामा भनिएको छ ।

आगामी आर्थिक वर्षको बजेटका लागि सरकारले विभिन्न क्षेत्रगत प्राथमिकता पनि निर्धारण गरेको छ । किसानको आयआर्जनमा सहयोग पुग्ने गरी कार्यक्रम सञ्चालन गर्ने, कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व बढाएर मुलुकलाई आत्मनिर्भरतातर्फ उन्मुख गराउने, कृषिको व्यावसायिकीकरण तथा यान्त्रिकीकरण गरी उत्पादनलाई प्रतिस्पर्धी बनाउने लगायतका विषय बजेटको प्राथमिकतामा राखिएका छन् ।

त्यस्तै, औद्योगिक क्षेत्रको उत्पादन र उत्पादकत्व वृद्धि गरी उपभोग्य वस्तुमा वैदेशिक निर्भरता कम गर्दै जाने सरकारको योजना छ । उद्यमशीलता विकासका साथै स्टार्टअपलाई प्रोत्साहन गरी नयाँ उद्यमीलाई आकर्षित गरिने जनाइएको छ ।

'शिक्षा क्षेत्रको विकासमार्फत ज्ञानमा आधारित अर्थतन्त्रको आधारस्तम्भ तयार गरिनेछ । आधारभूत शिक्षामा सबै बालबालिकाको पहुँच पुर्‍याइनेछ । विद्यालयमा शिक्षाको गुणस्तर सुधार गरिनेछ,' बजेटका प्राथमिकतामा भनिएको छ, 'प्राविधिक शिक्षामा जोड दिइनेछ । उच्च शिक्षालाई उत्पादनमूलक र अनुसन्धानमूलक बनाइनेछ ।'

ठूला र रणनीतिक महत्वका भौतिक पूर्वाधार आयोजनालाई उच्च प्राथमिकतामा राख्ने जनाइएको छ । 'काठमाडौं तराई मधेस द्रुतमार्ग, पूर्वपश्चिम जोड्ने लोकमार्ग र उत्तरदक्षिण जोड्ने करिडोर निर्माण कार्यलाई तीव्रता दिइनेछ । सबै स्थानीय तहको केन्द्रलाई नजिकको सडक सञ्जालसँग जोडिनेछ,' बजेटका प्राथमिकतामा भनिएको छ ।

आन्तरिक आवश्यकता पूरा गरेर निर्यातमार्फत देशको आयको मुख्य स्रोतका रूपमा ऊर्जा रहने गरी जलविद्युत् क्षेत्रको विकास गरिने जनाइएको छ । त्यस्तो विद्युतीय यातायातको प्रयोग र धराशयी विद्युत् खपतलाई बढावा दिइने जनाइएको छ । सूचना प्रविधि क्षेत्रलाई उद्योगका रूपमा विकास गर्ने विषय सरकारको प्राथमिकतामा परेको छ । त्यस्तै, सूचना प्रविधिको व्यवसायिकीकरण तालिम सञ्चालन गरी सेवा निर्यात बढाइने जनाइएको छ ।

आगामी आर्थिक वर्षको बजेटमार्फत पर्यटन व्यवसायलाई आयआर्जन, रोजगारी र विदेशी मुद्रा आर्जनको महत्वपूर्ण क्षेत्रका रूपमा विकास गरिने सरकारको योजना छ । 'कोभिड-१९ महामारीपछि पुनर्जागृत हुँदै गरेको पर्यटन क्षेत्रलाई थप गति दिन प्रोत्साहनमूलक कार्यक्रम सञ्चालन गरिनेछ । महत्वपूर्ण धार्मिक, ऐतिहासिक र सांस्कृतिक स्थलहरूको विकास र अन्तर आबद्धता कायम गरी पर्यटन प्रवर्द्धन गरिनेछ,' बजेटका सिद्धान्त तथा प्राथमिकतामा भनिएको छ ।

वन सम्पदाको संरक्षणका साथै समुचित उपयोग प्रणालीलाई व्यवस्थित गरिने, देशको आर्थिक विकासमा युवाको सहभागिता र उद्यमशीलता प्रवर्द्धन गर्ने, महिलाका लागि उद्यमशीलता र रोजगारी प्रवर्द्धन गर्ने लगायतका विषयहरू पनि आगामी आर्थिक वर्षको बजेटको प्राथमिकतामा परेका छन् ।

त्यसैगरी, मित्रराष्ट्रहरूसँग सन्तुलित र आपसी हित अभिवृद्धि गर्ने गरी परराष्ट्र नीति अवलम्बन गर्ने, छिमेकी एवं उदीयमान अर्थतन्त्र भएको देशबाट लाभ प्राप्त गर्नेगरी आर्थिक कूटनीति सञ्चालन गर्ने, बहुपक्षीय सङ्घसंस्थासँगको सम्बन्ध नेपालको हित र आर्थिक सुरक्षा संवर्द्धन गर्नेतर्फ लक्षित गर्ने विषयलाई पनि सरकारले आगामी आर्थिक वर्षको प्राथमिकतामा राखेको छ ।

## 'वित्त नीति चलाउने ठाउँ छैन, मौद्रिक नीतिबाटै अर्थतन्त्र सुधार थाल्छौं'

**काठमाडौं (प्रस)–** अर्थमन्त्री डा प्रकाशशरण महतले अर्थतन्त्रमा अहिले देखिएका समस्या समाधानका लागि वित्त नीतिबाट भन्दा मौद्रिक नीतिको व्यवस्थापनबाट सम्भव हुने बताएका छन् । बैंक तथा वित्तीय संस्था परिसङ्घ, नेपाल (सिबिफिन)ले आज काठमाडौंमा आयोजना गरेको 'नेपाल व्यवसाय शिखर सम्मेलन २०२३' मा अर्थमन्त्री महतले वित्त नीति चलाउनका लागि सरकारसँग धेरै विकल्प नरहेकाले मौद्रिक नीतिबाट समस्या समाधानका लागि पहल थालिने बताएका हुन् ।

'वित्त नीति कार्यान्वयनमा हाम्रो क्षमता बढ्न सकेको छैन । हामीले वित्त नीतिबाट पुँजी प्रवाह गर्न सकेका छैनौं । फिस्कल स्पेस बढाउनका लागि स्रोत छैन,' उनले भने । मौद्रिक नीति र वित्त नीतिको समन्वयकारी प्रयोगबाटै अर्थतन्त्रलाई चलायमान गरिने भए पनि अर्थमन्त्री महतले अहिले सरकारी राजस्व संकलन न्यून हुँदा वित्त नीतिमार्फत सरकारले धेरै काम गर्न सक्ने अवस्था नरहेको उल्लेख गरे ।

'समन्वयात्मक र साझा लक्ष्य प्राप्तिका लागि काम गर्नुपर्ने बेला भएको छ । नेपाल राष्ट्र बैंकले यही महिनाको अन्तिमसम्ममा समीक्षा गर्ने तयारी भइरहेको छ । मौद्रिक उपकरण चलाएर ब्याजदर घटाउन सकिन्छ,' अर्थमन्त्री महतले भने, 'वित्त नीतिमार्फत पुँजी परिचालन गर्नका लागि स्रोत न्यून छ । सरकारी राजस्व असुली कमजोर छ । त्यस कारण मौद्रिक उपकरण चलाएर ब्याजदर घटाइ लगानीको वातावरण सिर्जना गर्नतर्फ हामी केन्द्रित हुनुपर्छ ।'

सरकारले विनियोजन गरेको विकास बजेट खर्चको प्रभावकारिता देखिन नसकेको उनले स्वीकारे । अहिलेसम्म बजेट खर्च गर्न नसकेका आयोजना वर्षान्तमा भुक्तानी माग्दै अर्थमन्त्रालयमा फाइल पठाउन थालेका उल्लेख गर्दै अर्थमन्त्री महतले आर्थिक वर्ष सुरु भएदेखि नै पुंजीगत खर्च गर्ने गरी संयन्त्र तयार पारिनुपर्ने बताए । पुंजीगत खर्च नबढ्दा अर्थतन्त्र चलायमान हुन नसकेको र अर्थतन्त्र गतिशील नहुँदा राजस्व असुली लक्ष्यअनुसार हुन नसकेको उनको भनाइ छ ।

'अहिले अर्थतन्त्रमा केही समस्या र शिथिलता देखिएको छ । बाह्य क्षेत्रमा सुधार भए पनि आन्तरिक उद्योग व्यवसायको क्षेत्र शिथिल भएको छ । मूल्यवृद्धि नियन्त्रणको सीमाभित्रै छ तर त्यहाँ पनि समस्या छ,' अर्थमन्त्री महतले भने, 'ब्याजदरको दबाबले उद्योग व्यवसायको क्षेत्रमा समस्या देखिएको छ । राजस्वको अवस्था सन्तोषजनक मान्न सकिँदैन । लक्ष्यभन्दा निकै कम छ । यी सूचक हेर्दा अर्थतन्त्र समस्यामा नै रहेको मान्न सकिन्छ ।'

अर्थतन्त्र सुधारका लागि सरकारबाट भएका प्रयासमात्र पर्याप्त नरहेकाले निजी क्षेत्रको साथ आवश्यक रहेको उनले बताए । 'सरकार आफैंले सबै कुरा गर्न सम्भव छैन । निजी क्षेत्रको पनि भूमिका चाहिन्छ । निजी क्षेत्रलाई सहज बनाउन मौद्रिक उपकरण परिचालनमार्फत ब्याजदर घटाएर लगानीको वातावरण बनाउनुपर्नेछ ।'

विसं २०४६ को परिवर्तन पछि उदार अर्थनीति अवलम्बन हुँदा निजी क्षेत्रको सहभागितामा बैंक वित्तीय संस्थाको व्यापक विस्तार भएको अर्थमन्त्री महतले उल्लेख गरे । अहिले बचत तथा ऋण कारोबार गर्ने सहकारी सिद्धान्तअनुरूप चल्न नसक्दा समस्या भएको उनले बताए । समुदायको हितलाई हेरेर स्वनियमनमा चल्नुपर्ने सहकारी अहिले अरु व्यावसायिक बैंक वित्तीय संस्थाजस्तो भएको उनको भनाइ छ ।

उत्पादनशील क्षेत्रमा लगानी प्रवाह हुन नसकेको विषयलाई तत्काल सम्बोधन गरिनुपर्ने अर्थमन्त्री महतले बताए । बढीभन्दा बढी उत्पादनमा केन्द्रित हुनुपर्ने र रोजगारी सिर्जना गरिनुपर्ने उनले उल्लेख गरे ।

# दोहोरो अंकले घट्यो नेप्से

**काठमाडौं (प्रस)–** धितोपत्र बजारमा सेयर कारोबार मापक नेप्से परिसूचक आइतबार दोहोरो अंकले घटेको छ । साताको पहिलो दिनको कारोबारमा बजार खुले लगत्तै उतारचढावपूर्ण अवस्थामा रहेको नेप्से परिसूच्क १९ दशमलब १२ अंकले ओरालो लागेर एक हजार आठ सय ५० दशमलब ६१ मा सीमित भएको छ ।

ठूला कम्पनीको कारोबारमापन गर्ने सेन्सेटिभ परिसूचक तीन दशमलब १४ अंकले ओरालो लागेर तीन सय ५४ दशमलब ७८ मा सीमित भएको छ । कारोबार भएका १३ वटै उपसमूहको सेयर मूल्यमा गिरावट आएको नेप्सेले जनाएको छ ।

कूल २३ कम्पनीको सेयर मूल्य उकालो लाग्दा एक सय ८७ कम्पनीको भने ओरालो लागेको छ । यस्तै, आठ कम्पनीको सेयर मूल्यमा कुनै पनि परिवर्तन भएको छैन । कूल २० लाख १५ हजार नौ सय ५९ कित्ता सेयर रु ६० करोड ८१ लाख ३५ हजार ९४ मूल्यमा खरिद बिक्री भए ।

कारोबारका आधारमा शिवम् सिमेन्ट शीर्ष स्थानमा छ । सो कम्पनीको रु तीन करोड २२ लाख ३७ हजार छ सय सात मूल्य बराबरको सेयर कारोबार भयो । यस्तै, मकर जितुमाया सुरी हाइड्रोपावर रु एक करोड ८९ लाख ७६ हजार एक सय तीन, नबिल बैंक रु एक करोड ६८ लाख २३ हजार, एनआइसी एशिया बैंक रु एक करोड ५४ लाख ७० हजार छ सय २३ र ङादी ग्रूप पावरको रु एक करोड ५३ लाख १५ हजार पाँच सय ९२ बराबरको सेयर कारोबार भई शीर्ष पाँचभित्र पर्न सफल भएका छन् ।

नेप्सेका अनुसार आत्मनिर्भर लघुवित्त आठ दशमलब २२,इस्टर्न हाइड्रोपावर सात दशमलब ६१, सनराइज ब्ल्यूचिप फण्ड पाँच दशमलब ८७,राष्ट्र उत्थान लघुवित्त तीन दशमलब ७८ र बलेफी हाइड्रोपावरको सेयर मूल्य तीन दशमलव ४८ प्रतिशतले बढेको छ ।

## बेनिलीको 'नयाँ सफर दमदार अफर'




**काठमाडौं (प्रस)–** केटिएम इन्टरनेशलन ट्रेडिङ प्रा. लि. बेनेली मोटरसाइकलको नेपालको लागि एक मात्र आधिकारिक बिक्रेता हो ।

इटालीमा निर्मित विश्वभरीमा बढी बिक्री हुने मोटरसाइकलले नयाँ वर्ष २०८० को अवसरमा 'नयाँ सफर दमदार अफर' ल्याएको छ । यो अफर बेनेली मोटरसाइकल र स्कुटरमा लागू हुनेछ ।

यस अफरमा ग्राहकहरूले ६० हजारसम्म छुट पाउनेछन् भने बेनेली ब्राण्डको हेल्मेट, एफवाई २०८०/८१ को सवारी कर सहुलियत तथा अन्य आकर्षक उपहारहरू हुनेछन् । यस अफरबाट तीन वटा फाइदा लिन सकिने छ ।

# 'ओम्निबस' आर्थिक सुधार आवश्यक

■ प्रभाव संवाददाता



**काठमाडौं –** अर्थविद् एवं सांसद डा. स्वर्णिम वाग्लेले नेपालमा अहिले देखिएका आर्थिक समस्या समाधानका लागि विद्यमान नीति र कानुनलाई एकीकृतरूपमा समयसापेक्ष बनाउन आवश्यक रहेको बताएका छन् ।

बैंक तथा वित्तीय संस्था परिसङ्घ, नेपाल (सिबिफिन) ले काठमाडौंमा आयोजना गरेको 'नेपाल व्यवसाय शिखर सम्मेलन, २०२३ मा सांसद वाग्लेले 'ओम्निबस' आर्थिक सुधारको आवश्यकता औंल्याए । 'अहिले अर्थतन्त्रमा अभूतपूर्व संकट देखिएको हुँदा अभूतपूर्व नीतिगत सुधार आवश्यक छ । हाम्रा नीति, नियम, ऐन, कानुनमाथिको बहस थालिनुपर्ने बेला भएको छ । अब ओम्निबस आर्थिक सुधार आवश्यक छ । यसका लागि सबै क्षेत्रको सहयोग आवश्यक छ,' सांसद वाग्लेले भने ।

पहिलो चरणको आर्थिक सुधार सुरु भएलगत्तै गृहयुद्धलगायत कारण आर्थिक वृद्धिदर उल्लेख्य देखिन नसकेकोमा गणतन्त्र स्थापनापछिको पछिल्लो १५ वर्षमा पनि नेपालले उल्लेख्य आर्थिक उपलब्धि हासिल गर्न नसक्नु गम्भीर विषय रहेको उनको भनाइ छ । अहिले अर्थतन्त्रका सबै क्षेत्रको गहन विश्लेषण गरी समस्या पहिचान तथा निराकरणको उपाय खोज्न आवश्यक रहेको वाग्लेले बताए ।

'यस्तै प्रतिकूल बेलामा असल नियतले तथ्य तथ्यांकको सही विश्लेषणमार्फत् समाधान खोज्ने हो । यद्यपि, यसको कुनै अचुक उपाय छैन,' वाग्लेले भने, 'संरचनागत सुधार, पारदर्शीता, सुशासन, नीतिगत स्थिरता तथा त्यसको प्रभावकारी कार्यान्वयनबाट अर्थतन्त्र सुधार सम्भव हुन्छ ।'

विद्यमान आर्थिक नीतिले समस्या समाधान गर्न नसक्ने हुँदा फरक ढङ्गले नीति बहसमा लाग्ने समय आएको धारणा वाग्लको भनाइ छ । राजनीतिक चरित्र नसुध्रने र संस्थागत भ्रष्टाचार हटाउन नसक्ने हो भने समस्या थप बढ्दै जाने उनको भनाइ छ । 'संस्थागत भष्ट्राचार छ । राजनीतिक दलहरू कार्यकर्ता र आसेपासे नियुक्तिमा केन्द्रित छन् । यसले आर्थिक जोखिम थप बढाएको छ,' उनले भने ।

अर्थतन्त्रको वित्तीय पाटो हेर्दा सरकारी आम्दानी र खर्चबीच असन्तुलन बढ्दै गएर अर्थतन्त्रको संरचनागत खाडल बन्नु चिन्ताको विषय रहेको वाग्लेको भनाइ छ । 'सार्वजनिक खर्च र राजस्व संकलनमा असन्तुलन देखिएको छ । राजस्व संकलनभन्दा खर्च बढी भएको अवस्था छ । लक्ष्यअनुसार राजस्व संकलन छैन,' उनले भने, 'राजस्व चुहावट कसरी भएको छ भनेर हेरिनुपर्छ । खर्चको प्रभावकारिता र मितव्ययिता छैन ।' सार्वजनिक खर्च कटौतीमा सरकार निर्मम भएर जानुपर्ने धारणा पनि उनले राखे ।

त्यस्तै, सामाजिक सुरक्षाको विषयलाई राजनीतिकरण गर्न नहुने उनले भनाइ राखे । नेपालले लिएको आर्थिक वृद्धिदरको अनुमानमा पनि डा. वाग्लेले प्रश्न उठाए । चालु आर्थिक वर्षका लागि सरकारले राखेको आर्थिक वृद्धिदरको तुलनामा निकै न्यून मात्र उपलब्धि देखिनुले अर्थतन्त्रमा ठूलै समस्या रहेको इङ्गित गरेको वाग्लेको भनाइ छ ।

'अर्थतन्त्रमा सामान्य अंकको फरक स्वभाविक हो । तर हामीले यसवर्ष आठ प्रतिशतको आर्थिक वृद्धिदर राखेकोमा करिब छ प्रतिशत बिन्दुको फरक देखिएर वृद्धिदर दुई प्रतिशतमा खुम्चिने देखिएको छ । यो भनेको हाम्रो कार्यशैलीमा पक्कै पनि गम्भीर समस्या छ,' वाग्लेले भने । बजेटको आकार अनावश्यक रूपमा बढाएर अविश्वसनीय बनाउनुभन्दा वास्तविक आकारको बजेट ल्याउन पनि उनले सरकारलाई सुझाव दिए । नेपालको सार्वभौम साख मूल्यांकन (सोभरेन कन्ट्री रेटिङ) नहुँदा प्रत्यक्ष वैदेशिक लगानी भित्र्याउन नसकेको उनले बताए । त्यस्तै पछिल्लो समय विश्वव्यापी आर्थिक मन्दिका कारण नेपालले वैदेशिक ऋण र अनुदान र न्यून पाइरहेको उनको भनाइ छ ।

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्सप्रेस कलर प्रेस, कार्यालयः काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्णबहादुर कार्की, सम्पादकः विष्णु तामाङ